# अध्याय एक

# परिचय

## १.१ अध्यायको पृष्ठभूमि

ई.पू.३००० देखि २५०० वर्षअघि वर्णव्यवस्थाको प्रतिपादन भएको हो । ईसापूर्व १५०० तिर वेदको रचना भएको थियो भने ईसापूर्व ५०० सम्म आइपुग्दा ब्राम्हणहरूले "वेदान्त"दर्शन तयार गरे । तत्पश्चात विष्णुपुराण (५/११), व्यास स्मृति (१/११/१२), अपधस्त धर्मशुत्र (२/१/८), मनुस्मृति (१०/५१/५६) लगायतका ब्राम्हण गन्थहरूमा कतिपय श्रमिक तथा कलाकर्मीहरूलाई समाजमा नीच तथा अपवित्र घोषित गरियो । जन्मकै आधारमा मान्छेलाई उचनीच, पवित्र-अपवित्र ठान्ने वर्णाश्रम धर्म नै कालान्तरमा हिन्दू धर्ममा परिणत भयो । जसले वर्णभित्र पेशाका आधारमा उपवर्ण सिर्जना गरी जातिलाई पेशासँग  जोड्ने काम गऱ्यो । यसरी खास खास पेशा, व्यावसाय एवम् कला क्षेत्रका समुदायलाई चौथो वर्णबाट धकेलेर अतिशुद्र, अजात र समाजबाट वहिष्कृत गरी अपवित्र-अछुत बनाउने काम भयो ।

परम्परागत रूपमा दलित भन्नाले कथित माथिल्लो जातिका समुदायवाट दवाईएका, सामाजिक, आर्थिक, शैक्षिक, धार्मिक, सांस्कृतिक र राजनीतिक रूपमा पछाडि पारिएका वा अछुत भनिने जातीलाई बुझिन्छ । सामन्तवादी हिन्दू संरचनाभित्र आधारभूत पेसा, व्यावसाय, सीप तथा कला क्षेत्रमा संलग्न रहँदै आएका चरम जातीय विभेद अमानवीय छुवाछुतको उत्पीडन भोग्दै आएको समुदाय नै दलित हो र भारतीय उपमहाद्वीपमा आर्यहरूले चलाएको वर्णव्यवस्था कालक्रममा वर्णाश्रम धर्म (हिन्दू धर्म) वन्न पुग्यो । यसर्थ प्रारम्भमा वर्ण व्यवस्था अङ्गीकार आर्यभित्र विविध जातिच्यूत गरिएका आधारभुत तहका जनता मात्र दलित थिए तर हिन्दू धर्मको विस्तार तथा हिन्दू आर्य राजा महाराजाको शासनमा द्रविड र मंगोल नश्ल लगाएतका मानिसहरू माथि पनि वर्ण व्यवस्था र छुवाछुतको चलन लादियो । वर्णव्यवस्था भित्रको शुद्र बर्णवाट हटाएर अजात तथा अछुत बनाइएको समूह नै दलित हो त्यसैले अछुतलाई वर्णव्यवस्थाभित्र समेट्न कसैकसैले अति शुद्र वा पञ्चम वर्ण पनि भन्ने गरेको पाइन्छ तर यस्तो पञ्चम वर्णको उल्लेख शास्त्रमा भेटिँदैन् (विश्वकर्मा, २०६३) ।

धर्मको आधारमा जाति व्यवस्था र जातिका आधारमा पेशा,व्यावसाय जात,वंश र पेसाका आधारमा जातीय भेदभाव र छुवाछुतको सामाजिक व्यावहारलाई शासकीय इतिहासको मध्यकालीन युगमा अर्थात अर्थात मल्ल वंशीय शासनकालमा राजा जयस्थिति मल्लले मनुस्मृतिमा आधारित मानव न्यायशास्त्र नामको धार्मिक ग्रन्थ त्यसैलाई शासन विधिको रूपमा लागू गरी निश्चित पेसा वा श्रममा आबद्ध समुदायलाई शुद्र वा अछुत भनी तोकिदिए । अछुत जातको पानी नचल्ने, सार्वजनिक स्थलमा उपस्थिति हुन नपाउने, धार्मिक कार्य गर्न वा अध्ययन गर्न नपाउने वा तोकिएको बाहेक अन्य व्यावसाय गर्न नपाउने, ऊच नीच जातिका वीच विवाह गर्न नपाउने जस्ता निषेधात्मक नियम बनाई त्यस्ता कार्य गरेमा धार्मिक सामाजिक अपराध ठहर्ने र त्यस्ता अपराध शुद्र वा अछुतले गरेमा अन्य जातलाई हुने सजायको भन्दा दोव्वर सजाय हुने व्यवस्था गरिएको थियो र उक्त प्रथा शाहवंशीय शासन कालमा पनि निरन्तर रह्यो । नेपालका तत्कालीन प्रधानमन्त्री जंगबहादुर राणाले वि.सं. १९१० मा भारतका धार्मिक विदवान्हरूको परामर्शमा नेपालको पहिलो ऐन मस्यौदा जारी गरी लागू गरे जसले धर्मशास्त्रको आधारमा कायम रहेको जातीय भेदभाव र छुवाछुतलाई मान्यता दियो र नेपालका दलितहरू (आज दलित भनिएकाहरू) कानुनी रूपमा नै अछुत बनाइए । यस कानुनका आधारमा नेपाली समाजलाई जातीय विभाजन गरियो र धार्मिक मान्यता र परम्पराका आधारमा सामाजिक अपराध कायम गरियो र पहिलेजस्तै गरी एकै वा एकै प्रकृतिको आधारमा पनि अरुलाई भन्दा शुद्रलाई बढी सजाय तोकियो ।

नेपालको पूर्वमेचिदेखि पश्चिम महाकालिसम्म तथा हिमाल देखि तराईसम्म बसोबास गरेका सबै जातजाति सिङगो नेपाली सँस्कृतिको अभिन्न अंगका रुपमा रहेका छन् र नेपाल राउटे लगायत विभिन्न जातजाति रहेका छन् । जातजाति अनुसार आ आफ्ना भाषा धर्म सस्कार र भेषभुषाहरू अबलम्वन गरेको पाईन्छ । हाल नेपालमा बसोबास गर्दै आएका बिभिन्न जातजातिहरू बिभिन्न समय र परिस्थितिमा नेपाल आगमन गरेको पाईन्छ । ति जातिहरूमा प्रमुख मंगोलियन उतरबाट,आर्यहरू पश्चिमबाट दक्षिण पश्चिमबाट दक्षिण पश्चिमबाट निग्रेटो र द्रबिडरु नेपालमा आएको पाईन्छ । यसरि नेपालको इतिहाको कालक्रम र परिस्थितिमा आएका विविध नश्लका समाजहरूले यस भुभागलाई आज नेपाल र नेपालि भनेर चिनिने एउटा गौरव प्रदान गरेका छन् (बिश्वकर्मा, २०५४) ।

हिन्दु धर्ममा आधारित वर्ण व्यवस्थाको जटिलताले विश्वको २० प्रतिशत जनसंख्या रहेको सामाजिक प्रगतिलाई वाधा पुऱ्याएको छ । अनि यस समाज भित्रका विश्वकै करिव ५ प्रतिशत दलितहरू यो अत्यास लाग्दो जातीय उत्पिडनमा वाचिरहेका छन् (बिश्वकर्मा, २०५४) । तर आज सम्म पनि सम्पूर्ण विश्व नै यस समस्यावाट धेरै हद सम्म अनविज्ञ रहेको मानिएको छ । विभिन्न जातीय समस्या मध्ये यो छुवाछुत जातीय समस्यावारे सबैभन्दा कम साहित्य सिर्जना भएको छ ।

कानूनले नेपाललाई छुवाछुत मुक्त राष्ट्र घोषणा गरिसक्दा जातीय छुवाछुत अझै अन्त्य हुन सकेको छैन । पहिलाको तुलना अहिले दिनहूँजसो जातीय हिंसाका घटनाहरू सञ्चार माध्यममा आउने गर्छन् हुन त यसलाई सकारात्मक रूपमा नै लिनुपर्ने हुन्छ किनकि पहिला सशक्तीकरण भएका थिएनन् र घटना घट्थे तर त्यसलाई कसरी लुकाउने भन्ने मात्र सोच हुन्थ्यो त्यसकारण यस्ता घटनाहरू कमै मात्रामा बाहिर आउँथे । अतः यस्ता घटनाबाट बढीजसो दलित महिलाहरू नै पीडित छन् किनकि महिलाहरू धारा पँधेरा, मेलापाता जाँदा यस्ता विभेदहरू भोगिरहेको अवस्था छ । जातजाति र लैङ्गिक आधारमा समान रूपमा ल्याउनका लागि राष्ट्रिय स्तरमा धरै नीति नियमहरू बनेका छन् तर यिनीहरूको उचित कार्यान्वय हुन सकिरहेको छैन जसको कारण समाजमा जातीय र लैङ्गिक हिंसा हुने गर्दछन् ।यस अवस्थामा उनीहरूलाई सशक्तीकरण गर्नका लागि सरकारी र गैरसरकारी संस्थाहरूले विभिन्न कार्यक्रमहरू गर्दै आइरहेका छन् । पितृसतात्मक सोचका कारण विशेषगरी ग्रामीण दलित महिलाहरू अझै पछाडि परेका छन् । बच्चा जन्माउनेदेखि खाना पकाउने, सफासुग्घर गर्ने परिवारलाई खुशी पार्ने, गाईवस्तुको स्याहार गर्ने, खेतीपाती गर्नेजस्ता अनुत्पादक काममा मात्र महिलाहरू सीमित रहनुपर्ने अवस्था छ । महिलाहरू बाहिर सभा सम्मेलनजस्ता कार्यमा सहभागी भएर बोल्न नपाउने जस्ता चलनहरू हाम्रो समाजमा अझ पनि छन् । निर्णय प्रकृयामा उनीहरूको भूमिका नहुने, कतै महिलाहरू बोली हाले भने पोथी बासेको राम्रो हुँदैन भन्ने चलन छ । महिलाहरू घरका लक्ष्मी हुन् जुन घरभित्र नै सीमित रहनुपर्छ भन्ने सोचका कारण महिलाहरू पछाडि परिरहेको अवस्था छ । यतिमात्र नभएर हाम्रो समाजमा दलित महिलाहरूले लैङ्गिक हिंसा, जातीय हिंसा, सामजिक विकृति यौन शोषण, चेलीबेटी बेचबिखन जस्ता हिंसाहरू सहेर बस्नु परिरहेको अवस्था पाइन्छ ।

राज्यले महिलालाई पनि विकासको मूलधारमा समाहित गर्नका लागि विभिन्न प्रयासहरू गरिरहेको छ तर दलित महिला भने ओझेलमा परिरहेका छन् । महिला सशक्तीकरणका लागि सरकारी र गैरसरकारी संस्थाहरूले गाउँ गाउँमा कार्यक्रम गर्दै आएका छन् । धेरैजसो कार्यक्रमहरू अझै पनि सहरकेन्द्रित रहेका छन् । अन्य जातका महिलाभन्दा दलित जातिका महिलाहरूको स्तर धेरै पछाडि रहेको छ । उनीहरूको शिक्षाको स्तर पनि कम छ र घरायसी वातावण पनि त्यस्तै रहेको छ भने बाह्य कार्यक्रममा जाँदा पनि जातीय हिंसा भोग्नु पर्ने भएकोले उनीहरू बाहिर निस्कन मान्दैनन् । त्यसकारण पनि दलित महिलाहरू, सामाजिक, साँस्कृतिक र राजनीतिक हिसावले अन्य जातका महिला भन्दा पछाडी छन् तर पनि यहाँका महिलाहरूको अवस्थामा पहिलाको तुलना केही परिवर्तन आएको छ । दलित महिलाको पहिलाको अवस्था र अहिलेको अवस्थामा आएको परिवर्तन र परिवर्तन आउनुका कारणलाई पत्ता लगाउने प्रयास गरिएको छ ।

पर्वत जिल्ला महाशिला गाउँपालिका वडा नं ४ पाखापानी साँस्कृतिक तथा आर्थिक पक्षको प्राचिन अबस्था के कस्तो थियो र समाजिक, साँस्कृतिक तथा आर्थिक पक्षले र्वतमान परिप्रेक्षमा के कस्तो प्रभाबपारेको छ । भन्नेबारे  अध्यान गरिनुका साथै सामाजिक, साँस्कृतिक  क्षेत्रमा यस जातिको अन्य जातिहरू सँग के कस्तो सम्वन्ध  रहेको छ आर्थिक पक्षमा क्रियाकलाप एवं पेशागत रुपमा पुरानापुस्ताका व्यक्ति र नयाँ पुस्ताका वीचमा किन अन्तर देखिन थालेको छ तथा सामाजिक, साँस्कृतिक र आर्थिक क्षेत्रमा परिबर्तन देखिनुको वास्तविक कारण केहो  भन्ने विषय केन्द्रित रहेर अध्ययन गरिएको छ ।

## १.२ समस्याको कथन

हिन्दु समाजमा जातीय भेदभाव र छुवाछुत प्रथा इतिहासको निकै लामो कालक्रमदेखी संस्कृतीको रुपमा नै हुर्के बढेको पाइन्छ । कथित उच्च जातिका व्यक्तिहरूवाट समयानुकुल विभिन्न जात र प्रपञ्च अपनाएर शुद्र जातिमाथि  दमनपूर्ण नीति अंगाल्दै आएको देखिन्छ । स्वदेशी र विदेशी लेखकहरूले यस सवालमा कलम चलाएको भएपनि उनिहरूले आधिकारीक तथ्यको अभावमा सहि निष्कर्ष दिन सकेका छैनन् ।

जातीय भेदभाव र छुवाछुत प्रथाको प्रसंगलाई गुण दोषको आधारमा केलाएर अध्ययन हुन नसकेकाले समग्र समाज विकास पक्षलाई समेटेर विकास कार्यक्रम अघि वढ्न सकेको

देखिदैन समाज विकासको क्रममा देखिएको यस्तो पक्षपातपूर्ण व्यवहारले विकासको सन्दर्भमा बाधा अड्चन देखा परेका छन् । मूल कुराहरू क्रमश गौण बन्दै धरासयी हुने समस्या समाधानको वाटो झन अलमल पर्दै गएको देखिन्छ । यस कारण नेपालमा जातीय भेदभाव तथा छुवाछुत प्रथाको शुत्रपात कसरी र कहिले भयो । के कसरी नेपालमा भित्रियो र कसरी विकसित हुदै गयो छुवाछुत प्रथा वारिने जातिहरू कोको हुन् समग्रमा शुद्रको अभ्युदयदेखी वर्तमान सम्मको इतिहास कस्तो छ । विशेष गरी यस अध्ययन क्षेत्रका दलित महिलाहरूको सामाजिक, साँस्कृतिक तथा आर्थिक अवस्था कस्तो छ । यस क्षेत्रका दलित महिलाहरूसंगको आपसी सम्वन्ध तथा सम्पर्क कसरी वढीरहेको छ परम्परागत पेशामा भन्दा रोजगारीका क्षेत्रमा किन तथा कसरी नयाँ क्षेत्रको खोजी भएको छ । दलित महिलाहरू भित्र सामाजिक, साँस्कृतिक तथा आर्थिक क्रियाकलाप के कसरी सञ्चालन भइरहेका छन तथा यस क्षेत्रका दलित महिलाहरूसँग अन्य जातीको सम्वन्ध कस्तो रहेको छ विश्लेषण गर्नु नै समस्याको मुल कथन वनाएर यिनै सवालहरूको यथोचित उत्तर खोज्ने कार्य तर्फ यो अध्ययन केन्द्रीत रहेको छ ।

## १.३ अध्ययनको उद्देश्य

यस पर्वत जिल्लाको महाशिला गाँउपालिका वडा नं ४ पाखापानीका दलित महिलाहरूको सामाजिक, साँस्कृतिक तथा आर्थिक अवस्थाको अध्ययन गर्दै सामाजिक साँस्कृतिक तथा आर्थिक हैसियतको जानकारी प्राप्त गर्नु यो अध्ययनको साधारण उद्देश्य रहेको छ भने यस अध्ययनका विशिष्ट उद्देश्यहरू निम्न रहेका छन् ।

- यस अध्ययन क्षेत्रका दलित जातिका महिलाहरूको सामाजिक/साँस्कृतिक अवस्थाको विश्लेषण गर्ने ।
- अध्ययन क्षेत्रमा जातिका महिलाहरूको आर्थिक अवस्थाको विषयमा विश्लेषण गर्ने ।

## १.४ अध्ययनको महत्व

यस अध्ययनले दलित महिलाहरूको सामाजिक, साँस्कृतिक तथा आर्थिक पक्षको जानकारी दिनुका साथै विषय वस्तुसँग सरोकार राख्ने, घुलमिल हुने जो कुनै शुभ चिन्तकहरूलाई समाज बुझ्न सहयोग हुन सक्नेछ । अध्ययन क्षेत्रभित्रका दलित महिलाहरूको निश्चित हदसम्मको जानकारी र शब्दचित्रसम्म प्रस्तुत गर्ने यो अध्ययन आफैमा महत्वपुर्ण हुनेछ ।

दलित महिलाहरूको सामाजिक, साँस्कृतिक तथा आर्थिक संरचनाको सम्वन्धमा गरिएको स्थलगत अनुसन्धानपूर्ण अध्ययनको सार्थकता दलित जातिहरूको उत्थानको सन्दर्भमा नीति निर्णय देखि कार्यान्वयन तहसम्म प्रभाव पार्न उपयोगी बन्ने छ भन्ने अभिप्राय राखिएको छ । विशेषत यो अध्ययन विद्यार्थी, समुदाय, आगामी समयमा अनुसन्धान कर्ता जाती व्यवस्था सम्बन्धि चासो राख्ने जात जाति दलित गैसस एवं नीति निर्माण तहमा रहेको निकाय आदिलाई सहयोग पुग्ने विश्वास लिन सकिन्छ । नेपालको साामाजिक, साँस्कृतिक तथा आर्थिक विकाश प्रक्रियामा जटिल समस्या एवं बाधक तत्वका रुपमा रहेको परम्परागत छुवाछुत प्रथालाई दलित र गैरदलित विचवाट मात्र होइन दलित र दलितकैं विचवाट अन्त्य गर्नु आजको आवश्यकता रहेको छ । समानता न्यायपूर्ण सहभागिताको वातावरण सिर्जना गर्न  मानव अधिकारको मान्यतालाई सम्मान गर्नु अन्याय र असमानता रहिरहेमा असन्तोस हुन्छ । असन्तोसले विद्रोह र हिंसा सिर्जना गर्न सक्छन यस अध्ययनले दलित महिलाहरूले गर्ने क्रियाकलाप तिनको सँस्कृति जर्गेना गर्ने तथा उनिहरूवाट प्राप्त परम्परागत सिप प्रविधि तथा ज्ञान आदिवाट सम्पूर्ण पक्षको विकासमा अग्रसर गराउन मद्धत पुयाउन सक्ने विश्वासले यसको महत्व प्रष्ट पारेको छ यसका साथै दलित जातिहरूमा देखा परिरहेको परिवर्तन विकासमा उनीहरूको समायोजनका कुरालाई यस अध्ययनको सिमामा समाबेश गरिएको हुनाले यस अध्ययनले त्यस समुदायको वास्तवीकतालाई औल्याउने छ । यस अध्ययनले अन्य क्षेत्र समेत लाभान्वीत हुन सक्ने आशा गर्न सकिन्छ ।

## १.५ अध्ययनको सिमा

कुनै विषय वस्तुको अध्ययन गर्ने सन्दर्भमा सम्वन्धित पक्षको सिमा निर्धारण आवश्यक मानिन्छ । सिमा निर्धारण गर्नुको कारण समग्रमा सम्पूर्ण पक्षको अध्ययन गर्न कठिनाई पर्नुका साथै आर्थिक पक्षको आवश्यकताले गर्दा नै सिमित स्रोत  समय र साधनमा आधारित भएर अध्ययन गर्नुपर्ने वाध्यताले गर्दा मुलुकका प्राय दलित जातिलाई जनसंख्या र सम्वन्धित क्रियाकलापहरू समावेश गर्न सकिएको छैन यो वाध्यता पनि हो ।

यस अध्ययनमा गण्डकी प्रदेश पर्वत जिल्ला महाशिला गाँउपालिका वडा नं ४ पाखापानी छनोट गरिएको छ । यस ठाँउको पूर्व र दक्षिणमा स्याङ्जा जिल्लाको आग्रीखर्क गाँउपलिका, पश्चिममा फलेवास नगरपालिका वडा नं ४ कुर्घा र उत्तरमा पैयु गाँउपालिकाको भोर्ले र सरौ खोलाको केही भाग पर्दछ ।

## १.६ अध्ययनको संगठनात्मक ढाँचा

प्रस्तुत शोत्रपत्रलाई सात अध्यायमा विभाजन गरिएको छ । जसमा परिचयदेखि निष्कर्ष र सुझावहरूसम्म समावेश गरिएको छ । अध्याय एकमा अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनका उद्देश्यहरू, अध्ययनको औचित्य, अध्ययनको सीमा, अध्ययनको संगठनात्मक ढाँचालाई समावेश गरिएको छ । अध्याय दुईमा सैद्धान्तिक पुनरावलोकन, परिचय, लिङ्ग र सामाजिक लिङ्गको अवधारणा, महिलावादी सिद्धान्तहरू, मार्क्सवादी सिद्धान्त, पितृसत्ता, विश्वव्यवस्था सिद्धान्त, सामाजिकीकरणको सिद्धान्त, व्यवहारिक अनुसन्धानको समीक्षा, विश्वपरिवेशमा महिलावादी आन्दोलन, नेपालका सन्दर्भमा नारीवादी आन्दोलन नेपालका सन्दर्भमा दलित महिला आन्दोलन, नेपालमा दलित महिलाको अवस्था, साहित्य पुनरावलोकनको उपादेयता र अवधारणागत खाकालाई समावेश गरिएको छ । अध्याय तीनमा अनुसन्धान पद्धति अन्तरगत अध्ययन क्षेत्र छनोटको औचित्य, अनुसन्धान ढाँचा, समग्र अध्ययन विधि, तथ्याङ्कको प्रकृति र स्रोतहरू, प्राथमिक तथ्याङ्क संकलन विधिपूर्व र कार्यक्षेत्रमा भएको सहजता अध्ययनको विश्लेषण र प्रस्तुतीकरण समावेश गरिएको छ । अध्याय चारमा दलित महिलाहरूको सामाजिक जनसाङ्ख्यिक विवरण प्रस्तुत गरिएको छ भने अध्याय पाँचमा शोध अध्ययनको उद्देश्य अनुरुप दलित महिलाको सामाजिक, व्यावसायिक, आर्थिक, सामाजिक हैसियत सम्बन्धी अध्ययन गरिएको छ । अध्याय छमा दलित महिलाहरूको आर्थिक अवस्थाको अध्ययन गरिएको छ । त्यस्तैगरी अध्याय सातमा सारांश, अध्ययनको मुख्य प्राप्ति र निष्कर्ष समावेस गरिएको छ ।

# अध्याय दुई
# सम्बन्धित साहित्यको पुनरावलोकन

## २.१ अवधारणागत पृष्ठभूमि

केहि समय यता हाम्रो देशमा जातीय र छुवाछूत विरुद्धमा खोज अनुसन्धान व्याख्या विश्लेषण र राजनैतिक घटना क्रम नागरिक चेतनाको कारण आफ्ना हक अधिकारका लागि उत्पीडित समुदाय अगाडि बढिरहेको देखिन्छ । भने अर्को तर्फ मानव विकासको ऐतिहासिक अवलोकन र व्याख्या पनि भएका छन ।यसरि हेर्दा समाज विकासको क्रमलाई दुई किसिमबाट अध्ययन एंव विश्लेषण गर्न सकिन्छ ।

### २.१.१ प्राचीन दृष्टिकोण

नेपाल समाजमा साँस्कृतिको रुपमा झाँङ्गिएको यो जातीय भेदभाव र छुवाछुत प्रथा बिज्ञानको साहारा बिहिन अबैज्ञानिक र समाजका टाठाबाठा शोषक सामन्तको गरिब निरिह र निमुखा माथि लादेको मानवता विरोधि कार्य हो । जुन भारतिय उपमहादिपमा झन्डै ३००० वर्षदेखि समाजलाई आक्रान्तक पार्दै आएको छ । करिब २५०० बर्षदेखि यता त यो प्रथा भेदभाब नभई छुवाछुत प्रथाको रुपमा विकास भएको छ । जातीय आगमन वर्णभेद श्रमविभाग, वर्ग संर्घष, कुलिन धार्मिक विद्रोह आदि जस्ता कुरा भारतीय उपमाहाद्विप भरी मात्रै होइन संसारको अरु मुलुकहरूमा र अन्य द्विपहरूमा पनि पाइन्छ तर यो मानविय भेदभाव केही ठाँउमा रंगको आधारमा भने केही ठाँउमा पेशाको आधारमा छ । श्रमविभाजनलाई वंशाणुगत गरी वर्ण विभाजन शुरुमा केही हद सम्म सिप र व्यवसायमा क्षणिक सहयोग भएपनि जात वर्ण फेर्न नपाइने वंश र जातकै रुपमा विभिन्न शिल्प तथा श्रमजिवी वर्गलाई दण्डीत गरी सदाका लागी अछुत दर्जामा राखिरहने कुप्रथाको सिर्जना गरियो । परम्परागत शास्त्रीय सन्दर्भहरूको अध्ययनवाट यस्तो मानव मानव विचमा वर्तमानको जस्तो उच निच छुवाछुत र भेदभाव नभएको तथ्य स्पष्ट हुन्छ । धार्मिक दृष्टिकोणवाट विभिन्न धार्मिक ग्रन्थहरूले पनि यि कुराहरूको व्याख्या गरेको पाइन्छ ।

नेपालमा जातीय छुवाछुत भन्ने पुस्तकमा जातीय छुवाछुत के हो यसको शुरुवात कहिले देखि भयो नेपालमा यो प्रथा कस्तो रुपमा रहेको छ जस्ता सवालको समाधानका लागि धार्मिक साहित्य सरकारी राजनितिक एंव स्वयं जातजातिबाट भएका प्रयासहरूको बारेमा केहि व्याख्यात्मक रुपमा लेखेएको छ । तर उनिहरूको सामाजिक तथा आर्थिक स्थितिको विषयमा केही उलेख गरेको पाईदैन । तसर्थ, यस अध्ययनको आवश्यकता भएको हो (स्रोत : औपचारिक क्षेत्र सेबा केन्द्र प्रथम संस्करण, १९९६,पृष्ठ ३३) ।

दलितहरू नेपालको आदिवासि जाति भए पनि कहिलेदेखि यिनिहरू वसोबास गर्न लागेका हुन् त्यस बारेमा यकिन भन्न नसके पनि देशको मुख्यतया पहाडी भागमा बसोबास गर्दै आएका छन् र यिनिहरू तागाधारी जातिका आसपास बसोबास गर्दछन् (बिष्ट, १९७२) । जातीय प्रथाको उत्पति प्राचिनकाल (शास्त्रीय समय) देखिनै सिद्धान्तहरूको रुपमा उल्लेख भएको देखिन्छ । यस सिद्धान्तको मुख्य आधार हिन्दु धर्मग्रन्थहरू वेद, पुराण, उपनिवद, आधारमा नै हुन्छ ।

प्राचिन समयदेखि नै नेपालमा वर्णव्यवस्था कायम थियो लिच्छविकास मल्काल,शाहकाल हुदै यो कायमै रहयो । अझ जयस्थिति मल्लले यसलाई झन बलियो बनाउन भुमिका खेले । जातीय आधारमा नेपालमा पुराना ऐन कानुनहरू बनाए जस्को कारण नेपालको सामाजिक संरचना स्तरीकृत रुपमा देखाएको छ (शर्मा, १९७७) । दलित समुदाय पनि हिन्दु धर्मावलम्बी भएता पनि समाजका अन्य तागाधारीहरूले दलित पनि हिन्दु धर्मावलम्बी भएता पनि समाजका अन्य तागाधारीहरूले दलितहरू पनि हिन्दु धर्मालम्बी हुन् भनेर सोच्दैनन र व्यवहार पनि गर्दैनन किनकी यिनीहरूले समाजमा तल्लो स्तरको व्यवहार गर्दछन् र मरेका गाई, भैसी, पाडा खाने गर्दछन् (एल.कप्लान, १९७०) ।

ऋगवेद कालमा आर्यहरूले अनार्यहरूलाई दास तथा दस्यु पनि भनिएको पाइन्छ । अनार्य दास वा दस्युलाई ऋगवेदमा हराउने कार्यहरूको सहायताको लागि इन्द्र र आदी देवताहरूको स्तुतीगान गरिएको पनि पाइन्छ । दस्युहरूलाई ऋगवेदमा अव्रत आक्रन्तु मृधवाच

(मिठावोली नभएका) र अपमान मानिएको छ । जसको तात्पर्य क्रमश देवताको नियम, व्यवहार नमान्ने, यज्ञ नगर्ने स्पष्ट वुझिने खालको र मधुर नवोल्ने तथा लठेव्रा जस्ता भन्ने वुझिन्छ । यसवाट भन्न सकिन्छ कि ऋगवेदकालमा पनि आपसमा विरोधी दुई पक्ष थिए ।

आर्य रअनार्यका विचमा यिनीहरूलाई छुट्याउने छालाको रंग, भाषा र पाठनै थियो यसै कारण प्राचिन कालमा वर्ण शव्दको अर्थ केवल आर्य र अनार्यलाई छुट्याउने कुरामा मात्र सिमित थियो । ऋगवेदमा कतै व्राहमण, क्षेत्रीय शव्दको प्रयोग भएको पाइन्छ । किनभने यस्ता शव्द र वर्ण विच कुनै सम्वन्ध रहेको देखिदैन् ।

यसरी कुनै वंश वा जाती विशेष वाट शुद्रको उत्पति भएको हो । यस वर्ण वा वर्ग भित्र व्राह्मण देखि चण्डाल सम्म चारै वर्गका नरनारी परेका थिए । आर्यले वैदिक कालदेखिनै आफ्ना शत्रुलाई क्रोध वंश असुर दैत्य दानव राक्षस भनी अपमान गर्दै उनिहरूलाई आफ्नो जाती व्यवस्थामा सवै भन्दा निम्न -शुद्र) मा राखेर कज्याउने कुटिल चाल चलाएका थिए त्यसको मुख्य उदाहरण मनुस्मृतिले गरेको सामाजिक व्यवहारलाई लिन सकिन्छ । मनुस्मृतिमा सात विधि वा सात प्रकारका दासयोनिक (शुद्र ) बन्ने अवस्था निर्धारण भएको पाइन्छ ।

पूर्वीय समुन्द्र देखि पश्चिम समुन्द्रको किनार सम्म र उत्तर हिमाल देखि विन्ध्याचलसम्मको क्षेत्रलाई आर्य वर्त भनिन्छ ।" जहा कृष्णसार जातिको मृगहरू हुन्छन् । यस्तो इलाकालाई यज्ञ गर्न उचित स्थल भनिन्छ । र यस देखि बाहेकको क्षेत्रलाई द्विजातीय वा स्लेछहरूको देश भनिन्छ । यही आर्य वर्त यज्ञ देशमा बाहुनहरूको वसोवास गर्ने प्रयास गर्नु पर्छ र शुद्र जातिका मानिसहरूले भने जहाँसुकै बस्न मतलव छैन ।

इ.पु.१८५ मा मुनले "मनुस्मृति" रचना गर्ने वर्णाश्रम धर्मलाई बैद्यानिकता प्रदान गरे । भारतिय उपमहादिपको इतिहासवाट के  कुरा प्रष्ट हुन्छ भने व्राहमण र क्षेत्रीको लामो सत्ता संर्घसवाट वर्णाश्रम धर्मको सुरुवात भयो भने कालान्तरमा व्राह्मण्म र क्षेत्री विच चलेको सत्ता संर्घसकै कारण त्यही वर्णाश्रम धर्मभित्र छुवाछुतको समेत जन्म भयो (विश्वकर्मा पदम २०५८) ।

यसरी एक पछि अर्को गरी विना तथ्य शुद्रलाई शास्त्र र अस्त्र धारण गर्नवाट वञ्चीत गरी सम्पूर्ण हक अधिकारवाट वञ्चीत गर्दै लगियो र शुद्रको अवश्था दिनानुदिन दयनिय र कारुणिक वन्दै गयो । वैदिक कालमा शुद्रहरू आफ्नो कार्यक्षमताले अर्को वर्णमा जान सक्ने मार्ग पनि खुला थियो । तर सामाजिक,आर्थिक कारणले अर्को वर्णमा जानेक्रम न्युन भएको पाइन्छ ।

माथि प्रस्तुत गरिएका भनाइहरूवाट निष्कर्षमा पुग्न सकिन्छ । कि शास्त्रीय सन्दर्भमा बौद्धिक कालमा वा उपनिषद कालका शास्त्रहरूमा जातिपाति,भेदभाव र छुवाछुत जस्ता कुरा कतै भेट्न सकिदैन । त्यतिवेलासम्म सवै मानिसहरूको आहार विहार, रहनसहन समान किसिमका थिए । ऋगवेदको १० औं मण्डलमा उत्पति गराएका स्मृतिकालवाट शुद्रवर्णलाई निकृष्ट व्यवहार गर्दै सामाजिक,आर्थिक, साँस्कृतिक स्तर निम्न पार्दै लगिएको एवं पशु समान व्यवहार गरिएको वुझिन्छ ।

### २.१.२ आधुनिक दृष्टिकोण

खगोलशान्त्रका भनाइ अनुसार पृथ्वीको उत्पति साढेचार अरव वर्ष अगाडी र पृथ्विमा जिवको उत्पति ५० देखि ४० लाख वर्ष पहिले भएको हो र मानिसको उत्पत्तिको विकास क्रमशः विभिन्न विद्धानहरूले आ आफ्नो तर्क दिएका छन् । मानिसको उत्पत्ति दैविक हो कि जैविक प्रणालीद्धारा भएको हो भनेर मानव शास्त्रका विच मतभेद भएको पाइन्छ । विकासवादीहरू सँस्कृतीको निर्माण सामान ठाँउमा किसिमको हुन्छ भन्दछन् । अर्थात संस्कृतिको उत्पत्ति सधै सरलतावाट जटिल तर्फ हुन्छ ।

जिव विकासको आधुनिक तथ्यलाई हेर्दा डार्विनको विकासवादको सिद्धान्त अनुसार विकास जैविक तत्ववाट भएको हो भन्ने तथ्य प्रकासमा आएपछि ईश्वरीय दैविक देनवाट मानिसको उत्पति भएको भन्ने भ्रम क्रमशः हट्न थाल्यो ।

मानव समाजलाई एउटा यस्तो जिवित तथा निरन्तर वढ्दै गएको जैविकिय (जीव) रुपमा व्याख्या गरे जसले विस्तारै विस्तारै एउटा जटिल व्यवसायको रुप लिइन्छ । मानविय समाज पनि डार्विनको प्रक्रियावाट अगाडी वढ्दछ भन्ने उनको मुख्य विचार थियो । स्पेन्सरको भनाइ अनुसार सामाजिक संरचना र सामाजिक संस्थाहरू पनि परिर्वतन उद्विकसिय प्रक्रिया अनुसार हुन्छन् ।

## २.२ सैद्धान्तिक समिक्षा

विश्व आज २१ औं शताब्दीको संघारमा रहेको छ । यो समय विज्ञान र प्रविधिको युग हो । प्रजातन्त्र लोकतन्त्रात्मक एवं समाजवादको युग जस्ता नामले सम्बोधन भएको परिपेक्षमा हाम्रो देशको सामाजिक अवस्था जातीय भेदभाव र छुवाछुत जस्तो मानवहित विरुद्धको

संस्कारवाट ग्रसित छ । वास्तवमा यो प्रथा कानुनी रुपले दण्डनीय धार्मिक रुपले पाप आर्थिक रुपले शोषण मुलक र सामाजिक रुपले दण्डनीय धार्मिक रुपले पाप आर्थिक समाज यी कुराहरूबाट मुक्त रहदैन तवसम्म देशको कुनै पनि क्षेत्रमा उन्नति हुँदैन । यो कुरा विगतले नै प्रष्ट गरिरहेको छ ।

### २.२.१ लिङ्ग र सामाजिक लिङ्गको अवधारणा

मानव समाजको वास्तविकतालाई बुझ्न महिला र पुरुषलाई बुझ्नु अति आवश्यक छ । जैविक दृष्टिकोणको आधारमा महिला र पुरुषको छुट्टाछुट्टै भूमिका हुनु वा पुरुषले यो काम गर्ने र महिलाले यो काम गर्ने भनी विभाजन गरिएको हुन्छ भने त्यसलाई जेण्डर भनिन्छ । हरेक समाजमा महिला र पुरुषले निर्वाह गर्नु पर्ने भूमिका अलग अलग हुने गर्दछन् भने लिङ्गको आधारमा महिला र पुरुष दुबैवाट समाजले केही अपेक्षा गरेको हुन्छ । वास्तवमा त्यही अपेक्षाकृत भूमिका नै जेण्डर हो । जेण्डरले महिला र पुरुषको सामाजिक, साँस्कृतिक तथा आर्थिक विशेषतालाई पनि जनाउँछ । प्रत्येक व्यक्तिमा स्त्रीत्व र पुरुषत्वको गुण हुन्छ तर समाजले केटीभित्र लुकेको पुरुषत्व र केटाभित्र लुकेको स्त्रीत्वलाई बाहिर आउन अर्थात् मौलाउन दिंदैन (भासिन, २००३) ।

लिङ्ग एक जैविकीय परिभाषिक शब्द हो भने जेण्डर सामाजिक र सांस्कृतिक शब्द हो । सामान्य ज्ञानबाट हेर्दा यी दुवै विभाजन देख्ने केवल दुई अलग तरिका हुन् । कुनै पनि व्यक्ति एक खास लिङ्गको हुन्छ । एक पुरुष वा महिला एक केटा वा केटी हुनुमा लुगा, हाउभाउ, पेशा र व्यक्तित्वको पनि उत्तिकै हात हुन्छ जति एक खास किसिमको नारीत्व हुन्छ (ओकली, १९८५) ।

समाजले महिला र पुरुषको कस्तो प्रकारको भूमिका अधिकार,स्रोत साधन दिन्छ उनीहरूलाई कस्तो किसिमको व्यवहार तथा मानसिकता विकास गर्न सिकाउँछ त्यस्तो अर्थवोध गर्नुलाई सामाजिक लिङ्ग वा जेण्डर भनिन्छ (भासिन, २००३) ।

लिङ्गले खासगरी व्याक्तिको जैविक पुरुषत्व र नारीत्वलाई जनाउने गर्दछ । जेण्डरले पुरुषत्व र नारीत्वको सामाजिक, सास्कृतिक मानसिक पक्षहरूलाई बुझाउँदछ (ज्वार्टिभीन, १९९३) ।

## २.२.२ महिलावादी सिद्धान्तहरू

प्रस्तुत शोध अध्ययनमा निम्न सिद्धान्तहरूको आधारमा सम्बन्धित गरी यो अध्ययन पूरा गरिएको छ । साथै महिलावादी सिद्धान्त र मार्क्सवादी सिद्धान्तलाई विशेष ध्यान दिई यस अध्ययन तयार पारिएको छ ।

### क) उदारवादी महिलावाद

यस वादको सुरुवात १६ औं र १७ औं शताब्दीदेखि भएको हो भने १९ औं शताब्दीको अन्त्यतिर निकै व्यापक रूपमा देखा परेको थियो । यो महिला र पुरुष विचमा समानता हुनुपर्छ भन्ने सिद्धान्त हो । यसले महिला र पुरुषका हरेक पक्षमा समानता हुनुपर्छ भन्दै उनीहरूको समान अवसर, समान अधिकार, समान ज्यालामा जोड दिन्छ । यसले पारिवारिक दायित्व, घरायसी क्रियाकलाप, श्रम बजारका हरेक पक्षमा समानताको खोजी गर्दछ । त्यस्तै महिलाको आत्मविश्वास बढाउने, क्षमताको विकास गर्न र निर्णय गर्ने स्थितिमा पर्‍याउन समेत यसले सहयोग पुरयाउने कार्यक्रमलाई प्राथमिकता दिन्छ । साथै यसले विद्यमान पितृसत्तात्मक र सामाजिक संरचनाभित्र समानता सम्भव रहेको छ । उदारवादले महिलाहरूको आफ्नै कार्य, रुची, रोजाइ, आकाँक्षाको रोजाईलाई पुरुष सरह आफ्नो क्षमता देखाउन सक्छन् । यस्तो समानतालाई आफै निरन्तरता दिन सक्छन् भन्दै राजनीतिक र कानुनी सुधारको माध्यमबाट महिला र पुरुषमा समानता ल्याउन सकिन्छ भन्ने अपेक्षा गर्दछ । यसले महिला र पुरुष बीच हुने व्यक्तिगत स्वतन्त्र सम्बन्ध र अन्तरक्रियालाई समाजमा नारी पुरुष वीच लैंङ्गिक समानता ल्याउने सुरु र आधार बिन्दु हो भन्ने मान्यताको आधारमा विश्लेषण गर्दछ । सवै महिलाहरूमा समाजमा लैङ्गिक समानता प्राप्त गर्ने सामार्थ्य हुन्छ । त्यसैले समाजको आधारभुत संरचना परिवर्तन नगरी समानता प्राप्त गर्न सम्भव छ भन्ने दावी गर्दछ (Abbott, 1997) ।

### ख) मार्क्सवादी महिलावाद

यो सिद्धान्त माक्सवादी सिद्धान्तसँग सम्वन्धित छ । सन १९८४ मा एङ्गेल्सको परिवार सम्पत्ति र राज्यको उत्पत्ति नामक पुस्तकले यस वादको विकासमा महत्वपूर्ण भूमिका खेलेको थियो । यस वादले समाजमा परस्पर दुई विरोधी वर्गका वीचको सम्बन्धलाई जोड दिन्छ । जसमा महिला सम्बन्धी प्रश्नहरू पनि समावेश भएका हुन्छन् । यसवादका अनुसार

महिला दमन भनेको वर्गीय दमन हो । महिलाहरू समाजमा दमित भएर रहेका छन् । महिला मुक्ति एवं स्वतन्त्रताको संघर्ष पुरुषको विरुद्धमा नभई पूँजीवादी सामाजिक व्यवस्था विरुद्धको संघर्ष हो । समाजमा जबसम्म निजी सम्पत्ति रहन्छ तबसम्म महिला र पुरुष बीच असमानता रहने हुँदा निजी सम्पत्तीको अन्त्य गरी उत्पादन प्रणलीमा सामूहिक स्वामित्व कायम गर्न सकेमा मात्र महिला र पुरुष बीचको असमानता अन्त्य हुन्छ । पुरुषद्वारा महिला माथि गरिने दमन पुँजीवादी प्रणाली र पितृसत्तात्मक व्यवस्थाको पारस्परिक सम्बन्धको परिणाम हो । त्यसैले पितृसत्ता एवं पुँजीवादी व्यवस्थाका विरुद्धमा सामूहिक संघर्षको खाँचो छ । घरायसी कार्यलाई महत्व नदिनु, महिलालाई परिवारमा मात्र सीमित राख्नु, सार्वजनिक कार्यलाई जोडदिनु, पुरुष केन्द्रित मूल्य मान्यता प्रविधिलाई स्थान दिनु, महिलाहरूले राम्रो ज्याला, रोजगार नपाउनु, पेशा नहुनु पितृसत्ता र पूँजीवाद वीच सम्बन्ध रहेको धारणा मार्क्सवादी महिलावादको रहेको छ (Abbott, 1997 ) ।

## ग) आमूल महिलावाद

सन् १९६० को दशकपछि देखापरेको नारीवादी दोस्रो धार र पश्चिम जगतमा देखा परेको नव महिलामुक्ति आन्दोलनसँगै आमूल महिलावादको उदय भएको हो । यस वादले महिला र पुरुष एक अर्काका जैविक र मनोवैज्ञानिक विशेषताहरूले गर्दा फरक रहेका छन् । समाजमा महिला र पुरुषको बीचमा द्वन्द रहेको छ । यस्तो द्वन्दको मुख्य कारण पुरुष र उसमा निहित शक्ति हो । पुरुषको महिला दमनलाई आफ्नो जिम्मेवारी ठान्ने गर्दछ । परिवारलाई दमनको केन्द्रबिन्दु मान्दछ । महिलाले पुरुषलाई बहिष्कार गरी महिलासँग मात्र सम्बन्ध सृजना गर्नुपर्दछ र महिला केन्द्रित सामाजिक, सांस्कृतिक विश्वको निर्माण गर्नुपर्दछ । यसले महिलाका लागि मत सम्बन्धी अधिकार, कानुनी सुधार आदि विषयसँग भन्दा बढी पितृसत्तात्मक समाजलाई भत्काउनु पर्ने कुरालाई जोडदिन्छ । व्यक्तिको जीवनमाथि अन्य कोही व्यक्तिको प्रभाव र दमन हुनहुँदैन । आफ्नो शरीरको नियन्त्रण गर्ने अधिकार स्वयम्मा हुनुपर्दछ । यसले पितृसत्तालाई शक्तिको स्रोत मानेको छ । परिवार पितृसत्ताको महत्वपूर्ण एकाई हो जसले पुरुषलाई महिलामाथि यौनिक, आर्थिक र मनोवैज्ञानिक दमन गर्न सहयोग गर्दछ साथै महिलामाथि हुने हिंसा,बलत्कारमा पितृसत्ताको हात रहेको छ (रिट्जर्ज १९९२) ।

### घ) समाजवादी महिलावाद

समाजवादी महिलावाद, उदारवादी महिलावाद र मार्क्सवादी महिलावादको समिश्रण हो । एलिसन जागरका अनुसार कार्लमार्क्स र एङ्गेल्सको ऐतिहासिक महिलावाद, आमूल महिलावादको लैङ्गिक दमन, पर्सनल इज पोलटिकल आदि अवधारणावाट समाजवादी महिलावादको उदय भएको हो । यो समाजशास्त्र, अर्थशास्त्र, राजनीतिशास्त्र, मनोविज्ञान लगायत विभिन्न बिषयबाट प्रभावित महिलावाद हो । यसले महिला अधीनताका महत्वपूर्ण तत्वहरूसँगै लैङ्गिक वर्गको पहिचान गर्नुपर्ने कुरालाई जोड दिन्छ । लैङ्गिक सम्बन्धलाई शक्ति सम्बन्धका आधारमा बुझ्नु पर्दछ साथै वर्ग जाति संस्कृति लगायत अन्य शक्तिका आधारमा विश्लेषण गरिनुपर्दछ । रोजगारीका क्षेत्रमा महिलाहरूलाई विभिन्न रोजगारीका अवसरबाट वञ्चित गर्नुका साथै न्यूनतम ज्याला दिइएको हुन्छ । समाजमा मुक्ति र दमनको अन्त्यका लागि संघर्ष गर्नुपर्दछ । महिला र पुरुषको समन्वयमा मात्र नयाँ समाजको सृजना सम्भव छ । सबै वर्गका महिला बीच सहकार्य गर्न सकेमा मात्र त्यस्ता असमानताको निराकरण गर्न सकिन्छ । पितृसत्ताको अस्तित्व निजी सम्पत्तिको उदय हुनुभन्दा पहिलेदेखि नै रहँदै आएको हो । निजी सम्पत्तिको अन्त्यँगै पितृसत्ताको अन्त्य हुन्छ भन्ने धारणालाई समाजवादी महिलावादले विश्वास गर्दैन । यो आर्थिक प्रणालीको पनि एउटा एकाइ हो । पितृसत्ता हरेक संस्थामा यौनमा आधारित श्रम विभाजन हुन र महिलाको अवस्था निम्न तहमा रहनु स्वाभाविकै हो (रिटजर्ज, १९९२) ।

## २.२.३ मार्क्सवादी सिद्धान्त

मार्क्सले समाज परिवर्तनशील छ । यसमा उत्पादन प्रणालीमा आउने परिवर्तनले सामाजिक आर्थिक परिवर्तनमा सहयोग पुऱ्याउँछ भन्ने विचार गरेका छन् । वर्गीय समाजको शोषक र शोषित बीचमा वर्ग संघर्षले नै समाज विकास हुँदै अगाडि बढ्छ भन्ने मान्यता छ । यसमा कार्लमार्क्सले समाज विकासको चरणका बारेमा ऐतिहासिक भौतिकवादी व्याख्या गरेका छन् ।

१) आदिम साम्यवादी युग वा जङ्गली युग

२) दास युग

३) सामन्ती युग

४) पुँजीवादी युग (साम्राज्यवादी युग)

५)	समाजवादी युग

६)	वैज्ञानिक साम्यवादी युग

यसरी समाज परिवर्तनशील छ । समाज अविकसितबाट विकसित समाजतर्फ अगाडि बढ्छ । पुरानो घुमन्ते जङ्गली युगवाट क्रमशः पशुपालन, कृषि र आधुनिक युगमा प्रवेश गर्दछ । जसले उत्पादन प्रणालीमा जोड दिई बसोबासमा स्थायित्व आउँछ । समाजमा बहुईश्वरवादी सामाजिक विश्वास विकास हुन्छ । उत्पादन प्रविधि र उत्पादन ढाँचाको परिवर्तनले सामाजिक परिवर्तन ल्यायो । सामन्ती युगमा सामन्त र भूदास दास, पुँजीवादमा पुँजीपति र मजदुर बीच वर्ग संघर्ष हुन्छ । यसले सामाजिक, राजनैतिक र आर्थिक उत्पादन ढाँचामा परिवर्तन ल्याउँछ । दास र सामन्ती युग क्रमशः रुढीवादी र ईश्वरवादी हुन्छ भने पुँजीवादी युगमा प्रविधिको विकासले परम्परागत उत्पादन ढाँचामा मात्रै होइन सामाजिक मूल्य मान्यता, धर्म संस्कारहरूमा पनि व्यापकता ल्याउँछ । पेसामा नयाँ नयाँ औधोगिक विकाससँगै अरु नयाँ धेरै सम्भावनाहरू देखापर्छन् तर सामन्ती युगमा जातीय प्रथा, जातिगत परम्परागत पेशा रहन्छन् । छुवाछुत अन्धविश्वास धार्मिक कुसंस्कारहरू रहन्छन् । ग्रामीण चरित्रको समाजमा कृषि प्रधान र हस्त निर्मित उत्पादन प्रणाली हुन्छ भने पुँजीवादी युगमा औद्योगिक विकास, भौतिकवादी विकास हुन्छ । जब समाज पुँजीवादमा प्रवेश गर्दछ तब पुराना जातिगत पेसा, खेती प्रणाली जस्ता उत्पादन ढाँचा छाडेर आधुनिक औधोगिक मजदुरी, व्यापार, वैदेशिक रोजगारी जस्ता पेशाहरू पूँजीवादीकरणसंगै आउने गर्दछन् ।वर्ग संघर्षले गर्दा पूँजीवादी युग समाजवादी युगमा परिणत हुन्छ । यो ऐतिहासिक भौतिकवादी दृष्टिकोण हो (रिटजर्ज, २०००) ।

समाजका हरेक कृयाकलापहरूमा अर्थ र उत्पादनले महत्वपूर्ण भूमिका खेल्दछ । उत्पादन प्रकृयामा प्रविधि एवं उत्पादनका साधनहरूको महत्वपूर्ण योगदान रहन्छ । उत्पादन प्रणालीमा आएको परिवर्तनले सामाजिक, सांस्कृतिक संरचना, कला, साहित्य, धर्म, रीतिरिवाज, पेसा र सम्बन्धमा पनि परिवर्तन ल्याउँछ ।

यस दृष्टिकोणबाट हेर्दा दलित समुदाय सामन्ति शोषणको जालोमा परी विपन्न रुढीवादी भएका र पुँजीवादी प्रभावसँगै परम्परागत उत्पादन ढाँचा छाडी आधुनिक उत्पादन ढाँचामा लागेको देखिन्छ । दलित महिलाहरूको अवस्थामा आएको परिवर्तनलाई मार्क्सवादी दृष्टिकोणवाट अध्ययन गरिनेछ । पुँजीवादी व्यवस्थामा औद्योगीक उत्पादन ढाँचा शहरीकरण

र आधुनिकीकरण प्रकृयाबाट त्यसै अनुरूपका रोजगारीका अवसरहरू देखा पर्दै जान्छन् भन्ने मान्यता यस सैद्धान्तिक दृष्टिकोणले राख्दछ ।

## २.३ पूर्व अध्ययनको समिक्षा

सुरेन्द्र के.सी (२०५६) ले नेपालके कम्युनिस्ट आन्दोलनको इतिहास पुस्तकमा स्पष्ट गरेका छन् । समाज विकासको शरुवातमा मानिससँग आफबाहेक आफ्नो भन्नु केहि पनि हुँदैनथ्यो । परिवार, जायजेथा जस्ता कुराहरू माथि समाजको कुनै पनि सदस्यको कुनैपनि प्रकारको निजि स्वामित्वको प्रचलन थिएन । त्यसैले त्यस युगमा त्यस युगमा तेरो मेरो धनी गरिब शोषित र छुवाछुत जस्ता कुराहरूको गन्ध समेत पनि थिएन । सामुहिक रुपमा एक ठाउँबाट बसेर आफ्नो सुरक्षा गर्ने र सामुदायको श्रमद्धारा खाद्यसामार्गी खोजि गरि वाडर खाई जिवन धान्नुको अतिरिक्त त्यस  समाजको अरु कुनैपनि कार्य गरिरहनु आबश्यकता थिएन ।

भिमरावको (१९९०इ.स ३७९) ले चर्चा गरेका छन् इ.पू १२००को आसपासमा प्रारम्भिक रुपमा भएको श्रमविभाजनअनुसार चार खाले श्रमको आधारमा समाजलाई चरवर्णमा छुट्याउन थालिएको थियो । इतिहासको कालक्रममा श्रमको आधार बिभाजित वर्ण व्यबस्था क्रमश :झगिदै गयो । फतः आज भारत नेपाली समाजमा विभिन्न वर्ण र जातजातिको शृङ्खला विस्तार भयको छ । यस सम्बन्धमा अम्वेडकर लेख्नुहुन्छ । छुवाछुत तथा सामाजिक वर्णलाई भरपर्दो आधार मान्दै त्यस बेलासम्म भारतीय समाजमा छुवाछुत जन्मिसकेको थियो । भन्दै खास गरि यो पर्था ई.स ४००देखि ६०० सम्ममा भारतिय उपमहादिप भरि झाङगियको प्रमाणीत भयको छ ।

दुर्गाहाङ्ग याख्या राई (वि.सं २०५३) ले उल्लेख गरेका छन् व्रामहण र क्षेत्रि -मतवालि क्षत्री समेत)मात्र होइन नृतत्वशास्त्रबमोजिम बौद्धिक शुद्र जो  आज नेपालमा कामि, दमै, सार्की आदी (अछुत) जातिका रुपमा चिनिन्छन् । तिसमेत आर्य थिए किनभने यि सबैको गोत्र धार्मिक, साँस्कृतिक परम्परा र शारिरिक वनावट आदीमा केही पनि फरक छैन् ।

उद्‌विकासको उपयुक्त चरण समेत एककोसिय अमिवावाट जीव विकासको क्रमवाट अगाडी वढ्यो अनेकौ जीब अस्तित्वको संर्घष गर्दै लाखौ वर्ष पछि माछा बाँदर हुँदै मानिसको उत्पत्ति भयो । आदि मानवको उत्पत्ति मध्ये अफ्रिकामा भयो र अस्तित्व रक्षाका लागि

प्रकृतिसँग जुध्दै संसारका अनेकौ ठाँउमा पुग्यो । विभिन्न प्रकारका जलवायुको प्रभावले विभिन्न जाति र प्रजातिका मानिसहरूको विकास हुन पुग्यो । त्यसैले भन्न सकिन्छ कि यस जगतमा जति पनि जिव जन्तु र प्रजातिहरू छन् ति सवै एउटै मूलुकवाट विकसित भएका हुन् । सवैको आधार जैविक नै हो ।

सन्दर्भ सामाग्रीहरूको अध्ययन अनुसन्धान कार्यमा अति महत्वपूर्ण मानिन्छ । उक्त सन्दर्भ सामाग्रीहरूको सहयोगले अनुसन्धान विषयको विश्लेषण गर्न र परिमाण पत्ता लगाउन सकिन्छ । यस अध्ययन खोजमा अनुसन्धान मूलक सामाग्रीहरू जे-जती उपलब्ध भए यिनीहरूलाई प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

इन्सेक (ई.सं १९९३)मा संसारको इतिहासलाई नियाल्दा जन्म एवं व्यवसायमा आधारित जाति व्यवस्था प्राचिन युनान फ्रान्च, रोम, चिन, जापान आदि मूलुकहरूमा पनि थियो । तर हाम्रो नेपालको जस्तो जातीय भेदभाव र छुवाछुत केही पनि थिएन् । यसरी संसारमा अन्यत्र कही कतै यस्तो व्यवस्था नरहेको र हाम्रो देशमा देशको सामाजिक, राजनितिक, साँस्कृतिक आदी पक्ष पनि अरु मुलुक भन्दा भिन्न रहेको देखिन्छ (ओझा २०५३) ।

(ओझा २०५३) ले प्रष्ट पार्दै नेपाल एक हिन्दु राष्ट्र भएको र सयौं वर्षसम्म हिन्दु वर्णश्रम व्यवस्था अर्न्तगत धर्मशास्त्रका आधारमा शासन पद्धति चल्दै आएको कारण छुवाछुत लगाएतका जातीय भेदभाव समाजमा गहिरीएर हावा, पानी, माटो लगायत मानिसको हाड रगत मन मष्तीस्कमा समेत कण कण मा व्यक्त भएर रहेको छ । सामाजिक भेदभावको अन्त्यको लागि परिस्कृत उच्च एवं विश्लेषण गर्न सक्ने ज्ञान वा मानिसको प्रयत्नवाट सम्भव हुनेमा नेपालमा आधारित शिक्षाको प्रभाव धेरै पछि मात्र वि.स.२०००को आसपास देखि हुन सक्थ्यो । त्यस अवस्थासम्मको शिक्षा गुरुकुल शिक्षा पद्धतिवाट प्रभावित भएको जातीय भेदभावलाई तत्कालीन शिक्षा ले सहयोग गर्ने गरेको मान्नु पर्दछ । अर्को तर्फ नेपाल पछिल्लो आधा शताव्दी भन्दा केही अघिसम्म विश्ववाट पूर्ण रुपमा अलग अलग रह्यो परिणाम स्वरुप बाहिरी दुनियामा भएका विज्ञान र प्रविधिको विकास सामाजिक, आर्थिक प्रगति वा विभिन्न राजनितिक व्यवस्था मानव अधिकार तथा मानिसका अभिन्न स्वतन्त्रहरू मानव सभ्यताको स्थितिका सम्बन्धमा नेपालीहरू अनविज्ञ रहेकाले पुरातन सोचाइ अन्धविश्वास रुढिवादी धारणाले ग्रसीत समाज छुवाछुत तथा जातीय भेदभावका खरावीहरू

बुझ्न सक्ने अवस्था थिएन । शासक वर्गहरू समाजको यस्तो स्थितिवाट शासन व्यवस्था दीर्घ वनाउन सक्ने कुरामा विश्वस्त हुन्थे ।"

शुद्रहरू नेपामा प्रबेश गरेको सन्दर्भलाई औंल्याउदै विस्ट (वि.सं २०५२) भन्दछन् सदियौदेखि शारिरिक श्रमवाट बच्ने र श्रमको लागि शुद्रलाई कज्याउने परिपार्टीलाई आफु परेको ठाँउमा शुद्रलाई लैजाने गरेकाले होला अधिराज्य भरि जहाँ जहाँ व्रह्माण, क्षेत्री पुगेका छन् त्यहाँ त्यहाँ सानै संख्यामा भएपनि त्यतिकै छरिएर रहेका जातिहरूले शुद्रहरू हुन त्यतिमात्र होइन अन्य आर्य तथा अहिन्दु जातिले पनि यहि श्रमिक जातजातिको श्रमलाई उपभोग गर्ने हेतुले आफ्नो वस्ती आसपासमा वसालेको पाइन्छ । तर यि अनार्यहरू प्रति गरिने व्यवहार पनि कथित उच्च जाति सरहनै पाइन्छ ।

नेपालमा उत्पीडित दलित जातीय मुक्ति समाज र ग्रीन सो नेपालद्धारा आयोजित गोष्टिको कार्यक्रममा (पदमलाल वि.क वि.स.२०५३:१०)स्पष्ट गरेका छन् । हिन्दु धर्म र परम्परा अनुसार सुतक, रजश्वला, आशोज जस्ता अवस्थाहरू पनि अशुद्ध वा अछुत दर्जामा पर्दछन तर यस्तो अछुत पनि विशेस विधिद्धारा तोडिन्छ । कतिपय ठाउमा अछुतले छोएमा छिटो हालेर चोखिन्छ वा गोवर, माटो आगो आदिद्धारा शुद्धिकरण गर्दछन् । तर अछुतलाई चोख्याउने कुनै विधि विधान वनेन एकै समाजमा मानिसहरू जन्मदै अछुत, बाचुन्जेल र मर्दा पनि अछुत रहनु पर्ने कस्तो मुर्खता पूर्ण चलन यस्तो एक पटकको अछुत सदा सर्वदा अछुत मान्नेतामा आधारित स्थानिय अशुद्धमा आधारित वा आधुनिक कुनै पनि समाजमा कहिल्यै पनि र कहि पनि थिएन ।

ओझा (२०५३) ले सामाजिक छुवाछुत, उचनिच र जातीय भेदभावमा आधारित तथ्य विहिन र अवैज्ञाानिक हो भन्ने कुरा राणाकालमा हावी भएको एक विचित्रको स्थितिले पनि जात दिने राजा, भात दिने भाई को आधार लिएर राणाशासकले मनपर्दो ढंगवाट जातीय भेदभावको शुरुवात गरे राणाशासकले अछुत तल्लो जातलाई माथिल्लो पनि चल्ने जातमा र माथिल्लो जातका तल्लो जातमा ओराल्ने परिपाठी शुरुवात गरे त्यसले के कुरा स्पष्ट गर्छ भने जातपात छुवाछुत जस्ता अमानवीय क्रियाकलापहरू जो समाजमा सँस्कतिका रुपमा मौलाएका छन् । तिनलाई शासकले चाहेको खण्डमा समाप्त गर्न सक्ने कुरामा दुई मत नभएको वताएका छन् ।

अन्यायपूर्ण तथा शोषण मुलक  श्रम सम्बन्धहरू नामक प्रस्तुका प्रधान (२०५४) भन्दछन् सामान्य रुपमा भन्ने हो भने श्रमजीवन भनेको एक प्रतिष्ठापुर्ण जीवन हो । तर हाम्रो देशको समाजिक आर्थिक संरचना भित्र श्रमजीवन एउटा उपेक्षित क्षेत्र बन्न पुगेको छ । सामान्य हुने खाले  र टाठाबाठाहरूले बनाउको सामाजिक संरचनामा श्रमजिवन शैली सदैव उपेक्षित क्षेत्र बन्न पुग्यो जसले गर्दा आफ्नो श्रम र सिप बेचेर आफ्नो जीवन धान्न पुगेका मानिसहरू समाजमा विद्यमान शोषण उत्पीडित र विपन्नतावाट कहिल्यै पनि मुक्ति पाउन सकेनन् । शाह (वि.सं २०५१: ७) का अनुसार समय अनुसार जति परिर्वतन र मिति टिपिए पनि घुमाउने पाराले दलितहरू ठगिने क्रम जारिनैछ । नेपालको सन्दर्भमा श्रम, सिप र कलाका धनी समाजमा विद्यमान जमानी पद्धति सवै भन्दा ठूलो विडम्वना र कलंक हो । यही नै आजको हाम्रो अधोगतिले मुल कारण बन्न गएको छ । साथै हिन्दु धर्मको गरिमालाई खस्काउन पनि यो पद्धतिले हुन सम्मको भूमीका निर्वाह गरेको पाइन्छ । नेपालमा कार्यरत स्वदेशी विदेशी गैर सरकारी संघ संस्थाहरूले दलित महिलाहरूको उत्थानको लागि खेलेको भुमिकामा प्रध्यापक पदमलाल विश्वकर्माको मत यस्तो रहेकोछ । दातृ सस्थाबाट प्रायोजित दलित समस्या कदापि समाधान हुनेवाला छैन ।" विश्वकर्मा रवि (२०५५ वि.सं) ले दलित समस्या मुलक राजनितिक समस्या नै हो आफ्नो नियोजीत स्वार्थ पूर्तीका लागि पराइहरूले एकछिनको लागि देखमवटी रुपमा केही दान दातव्य दिने हुन हामीले आफ्नो उत्थान आफैले गर्नु श्रेयस्कर टिकाउ तथा सम्मानित हुन्छ । अहिलेको परिस्थितीका केही उत्पीडितहरूको नाउमा गैर सरकारी संस्थाहरूलाई मागी खाने भाडो वनाउदै आएका छन् ।

स्थानीय विकास मन्त्रालयको मातहतमा रहेको एक विकास समितिको कार्यपत्रमा विश्वकर्मा मिन २०५६ वि.सं ले आर्थिक तथा राजनितिक अवश्थाको सन्दर्भमा दलित समुदाय राष्ट्र निर्माणमा सहभागी हुनमा वाधक बनेको कारणहरू स्पष्ट पार्दै जसरी हाम्रो समाजलाई धर्म परम्परा र सँस्ककृतिले प्रभाव पारेको छ त्यही कुराले राष्टको अर्थ तन्त्र र राजनितिलाई पनि प्रभाव पारेको छ । तर कला र सपिका धनी प्राचिन इन्जिनियर प्राविधिकहरूको समुदायको रुपमा परिचित जाति समुदायलाई अपमान र जातीय छुवाछुत जस्तो अमाविय व्यवहार गरेर यस समाजले दलित समुदाय प्रति अन्याय त पक्कै गरेको छ यसको अतिरिक्त राज्यको अर्थतन्त्रमा पनि ठुलो आघात पुऱ्याएको छ ।"

अर्न्तराष्ट्रिय कानुनमा भेदभावको परिभाषा गरेको पाइन्छ । सवै किसिमको जातीय भेदभाव उन्मूलन गर्ने विषयको अभिसन्धीले जातीय भेदभावको परिभाषा (ICRD,1996 मा) अनुसार" जातीय भेदभाव भनेको त्यस्तो भेदभाव हो जो जाति, वर्ण, राष्ट वा जनजाति उत्पत्तिको आभारमा भिन्नता, बहिस्कार र बन्देज (प्रतिबन्द वा हट) वाद प्राथमिकताका आधारमा गरिन्छ वा दिइन्छ । जसको प्रयोजन वा असर राजनितिक, सामाजिक, साँस्कृतिक वा सार्वजनिक जिवनका अन्य क्षेत्रमा समान ढंगवाट मानव अधिकार वा मुलभूत स्वतन्त्रताको मान्यतता उपभोग वा प्रयोगमा नकारात्मक वा प्रतिकुल असर पर्दछ ।

वि.सं. २०४६ सालको राजनितिक परिवर्तन पछि २०४७ सालमा अन्तरीम सरकारले मानव अधिकार सम्बन्धी अर्न्तराष्ट्रिय संयन्त्रहरू नागरिक तथा राजनैतिक अधिकार सम्वन्धी अर्न्तराष्ट्रिय अनुबन्ध र त्यसको प्रथम ऐच्छिक प्रटोकल आर्थिक, सामाजिक, साँस्कृतिक अधिकारसँग सम्बन्धित अर्न्तराष्ट्रिय अनुवन्ध, यातना तथा अन्य कुर अमानविय र अपमान जनक व्यवहार वा सजाय विरुद्धको महासन्धी महिला विरुद्धका सबै प्रकारका भेदभाव अन्त्य गर्न सवै प्रकारका महासन्धी अनुमोदन गरेको जानकारी गराउदै इन्सेकको प्रतिवेदन तथा कार्यपत्रमा पहाडी (२०५३) भन्नुहुन्छ "नेपाल सरकारका राज्य पक्षमा रहेका उपयुक्त संयन्त्रहरूको प्रवधानलाई अक्षरश लागु भने गरिएको छैन न त सोअनुरुप कानुन बनाउने र त्यसको विपरित विद्यमान कानुनलाई हटाउने कुरामा तत्परता देखाएको छ ।"

नेपाल अधिराज्यको संविधान २०४७ को भाग ३ मौलिक हक धरा ११ (४) मा यस्तो व्यवस्था रहेको थियो "कुनै पनि ब्यक्तिलाई जाति पातिका आधारमा छुवाछुतको भेदभाब गरिने वा सार्वजनिक स्थलमा उपस्थित हुन वा सार्वजनिक उपभोगका कुराहरूको प्रयोग गर्नबाट वञ्चित गरिएको छैन यस्तो कार्य कानुनबमोजिम दण्डनिय हुनेछ ।"

विश्वकर्मा पदम (२०५३ वि.सं) ले नेपालको संविधान र उत्पीडित जातिको अधिकार बिषयक एक दिने गोष्ठिको कार्यक्रममा कार्यपत्रमा उल्लेख भए बमोजीम दलित जातिका व्याप्त गरिवी, अशिक्षा एवं अन्धविस्वासले एकातिर जातीय समुदायको विकास हुन सकेको छैन भने अर्कोतिर उपलब्धी बिहिन जातीय पेशामा जर्वजस्ती लाग्नुपर्ने भएकाले शोषक वर्गलाई फाइदा पुगेको छ र दलितहरू दमन हुन पुगेका छन् । हली प्रथा, डाली प्रथा, वाजा वजाउने प्रथा, विष्ट कमाउने प्रथा नस्वीर्कादा आर्थिक नाकाबन्दीको सामना गर्नुपर्ने मजदुरी नपाइने दोषारोपण र सजायको भागिदार वन्नु पर्ने जस्ता त्रासले जातिको जीवन असुरक्षित

भएको छ । भने जागिर खाने सवालमा पनि जातीयताले नै भूमिका खेल्दछ र दलित जातिले प्राय जागिर पाउदैनन् । कुनै क्षेत्रमा पनि छुत र अछुत विच प्रतिस्पर्धा हुँदा अछुतलाई नै फाल्ने काम हुन्छ ।

तामाङ्ग, (२०५०वि.सं) का अनुसार शताव्दीऔदेखी जातीय शोषण र उत्पीडनको कारण यिनीहरूको सामाजिक ढाँचा गतिहीन रहेको छ । यो नै यिनीहरूको सर्वाङ्गीण विकासको लागि प्रमुख बाधा भएको छ । यिनीहरूलाई यस अवश्थामा बाहिर निकालेर समान रुपमा राष्ट्रको उन्नतीमा सहभागि बनाउन हामी सवै देश भक्त, बुद्धिनीवि तथा सामाजिक कार्यकर्ताको कर्तव्य हुन आएको छ ।

उत्पीडित जातिलाई आरक्षणको व्यवस्था गरि उत्थान सर्न्दभमा शाह (२०५१वि.सं:७) को विचार यस्तो छ: "उनीहरूलाई शिक्षा र राजनिति भेदभाव र जोरजुलुमको कारणले उनीहरूमा सिर्जना भएको पछ्यौटे पनको निम्न के कस्तो क्षति पूर्ती र उपचार हुन सक्छ त्यसवारे गम्भीरता पूर्वक राज्यले विचारगरि कदम चाल्नुपर्छ ।"

ग्रिन्सो २०५३ का अनुसार जातीय भेदभाव जति जटिल छ त्यसलाई समाधान गर्न स्वयम दलित जातिका भित्रको छुवाछुतले यी जातिको एकता टुक्राउने काममात्र नगरेर कानुनले व्यवस्थागरेको भेदभाव विरुद्ध प्रावधानलाई समेत शिथिल पारेको छ । यसैले आपसि भेदभावको कारण जातीय मुक्तिको संघर्ष पछाडि पर्दै आएको छ ।

यसै सम्बन्धमा साहित्यकार प्रश्रित २०४८ भन्दछन् जातपात र छुवाछुतको भेदभाब उपल्ला जात भनिनेहरूको हैकम,तल्ला जात शुद्र दास,चाण्डाल अछुत आदि भनीनेहरू तथा नारिको चरम कारुणिक अवस्था,स्वर्ग र नरक आदिका नाममा फैलायको भ्रम र भइरहेको शोषणजस्ता कुरा आज पनि मानवको चरम बाधक भएर बसिरहेको छन् ।

कानुनि परिदृश्यमा दलित हरूको स्थिति भन्ने शोधपत्रमा शोधकत्रा विश्वकर्मा रविन २०५५ ले स्पष्ट पारेका छन् दलित जातिका मानिसहरू साच्चै नै अछुत र जातिवाट सृजना भएको छुवाछुत प्रथा सामाजिक घृणा दोष तिरस्कार एवं अपहेलनाको परिणाममात्र रहेछ । कानुनि रुपमा नेपालको अन्तरिक संविधान २०६६ को भाग ३ मौलिक हक धारा १३ मा समानताको हक अन्तगत उपधार १ मा सबै नागरिक कानुनको प्रयोगमा कुनै संरक्षण बाट वञ्चित गरिने छैन । त्यस्तै उपधारा २ मा सामान्य कानुनको प्रयोगमा कुनैपनि

नागरिक माथि धर्म वर्ण लिङ्ग जात जाति उत्पति भाषा वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाब गरिने छैन भनि उल्लेख गरेको छ । यसै अन्तिम संविधान २०६६ को भाग ३ मौलिक हक धारा १४ मा छुवाछुत तथा जातीय भेदभाव विरुद्धको हक अर्न्तगत उपधारा (१,२,३,४,५) स्पष्ट पारिएको छ ।

कुनै पनि व्यक्तिलाई जातवंश, समुदाय वा पेशाका आधारमा कुनै किसिमको छुवाछुत तथा जातीय भेदभाव गरिने छैन् । यस्तो भेदभावपूर्ण व्यवहार दण्डनीय हुनेछ । र पीडित व्यक्तिले कानुनद्धारा निर्धारण भएवमोजीम क्षतिपूर्ती पाउनेछ ।

कुनै पनि व्यक्तिलाई जातजातिको आधारमा सार्वजनिक प्रयोगमा रहेका सेवा सुविधा वा उपभोगका कुराहरू प्रयोग गर्नवाट वा सार्वजनीक स्थल वा धार्मिक स्थलमा प्रबेश गर्न वा धार्मिक कार्य गर्नवाट वञ्चीत गरिने छैन ।

कुनै वस्तु सेवा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो सेवा सुविधामा खास जातिको व्यक्तिलाई खरिद वा प्राप्त गर्नवाट रोक लगाउन वा त्यस्तो वस्तु सेवा वा सुविधाको कुनै खास जात जातिको व्यक्तिलाई मात्र विक्रि वितरण गरिने छैन् ।

कुनै जातजाति वा उत्पातिका व्यक्ति वा व्यक्तिहरूको समुह उच्चनीय दर्शाउने जातजातिको आधारमा सामाजिक विभेदलाई न्यायोचित ठहर्याउने वा जातीय सर्वेच्चता वा घृणमा आधारित विचारको प्रचार प्रसार गर्ने वा जातीय भेदभावलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न पाइने छैन उल्लेख भए विपरितको कार्य कानुन बमोजीमको दण्डीत हुनेछ भनि उल्लेख गरेको छ । तीनवर्षे अन्तरीम योजना (२०६४।६५ र ६६।६७) ८.२ मा राष्ट्रिय योजना दलित उत्थान तथा विकास शिर्षकमा अध्यावधिक स्थितीको समिक्षा समस्या चुनौति अवसरहरू दीर्घकालिन सोच, उद्देश्य, लक्ष्य, रणनीति, निती तथा कार्यनीति एवं कार्यक्रमहरू सार्वजनिक गरेको छ । दीर्घकालिन सोच जातीय भेदभावमूक्त समतामुलक समाजको निर्माण गर्नु रहेछ । त्यस्तै उद्देश्य सामाजिक तथा आर्थिक स्रोत र साधनहरूमा दलितहरूको पहुँचमा वृद्धि, जनसंख्याको अनुपातमा प्रतिनिधित्व र प्रभाव अभिबृद्धि गर्ने रहेकोछ ।

विगत १० वर्षदेखि दलितको समस्यालाई निदृष्ट रुपले सम्बोधन गर्नका लागि दलित विकास समिति र राष्ट्रिय दलित आयोग सक्रिय रहनु दलितका हकका कुराहरू शसक्त रुपमा उठ्नु अर्न्तराष्ट्रि स्तरमा समेत स्वतन्त्र स्तरमा समेत यसको सञ्चालन फैलिनु एवं दाताहरूले

समावेशीकरणको मुद्धालाई पनि विकासको प्रमुख मुद्धा वनाउनु अन्य अवसरहरूका रुपमा देखिएका छन् ।

उक्त त्रिवर्षीय योजनाको रणनीतिमा दलितहरूको उत्थानमा बाधक रहेको संरचनागत तथा नितीगत अवरोधहरू हटाउन राज्यका संरचनाहरू तथा निती नियमहरू सुधार तथा तर्जुमा गरिने छ । दलितहरूको सशक्तिकरणका लागि दलित समुदायका संघ संगठनहरूको क्षमता अभिबृद्धि गर्दै विकास प्रक्रियालाई साझेदारका रुपमा विकास गर्दै लगिनेछ । दलित भित्रका पनि सिमान्तकृत दलित समुदायका आवश्यकतामा आधारित विशेष लक्षीत कार्यक्रमहरू मार्फत गरिवी जन्य समस्याहरूको सम्वोधन गर्दै लगिने छ । सामाजिक स्थितिमा सुधार गर्नका लागि सकारात्मक विवेध आरक्षण र विशेस अधिकारको सिद्धान्त अपनाई जनशक्ति विकास गर्दै लगिने छ । छुवाछुव मुक्त राष्ट्र घोषणालाई व्यवहारक कार्यन्वयन गर्न तथा दलितको समग्र स्थितिमा सुधार ल्याउन दलित विकास गुरुयोजना तयार पारी लागु गरिनेछ भन्ने कुरा उल्लेख गरिएको छ ।

अतः नेपालका दलित जातिहरू जो पहिले देखि शोषित पिडित हुन ति आर्य जातिका र हिन्दु संस्कृति अर्न्तगतका जनसमुदाय हुन । जयस्थिति मल्लका पाल देखि जातीय रुपमा चरम पिडादायी जीवन जिउन वाध्य भएका छन् । नेपालमा दलित महिलाहरूको अवस्था अरु जातिको भन्दा निम्न रहेको छ । आर्थिक तथा सामाजिक सेवा र राजनितिक अवस्थावाट यो समुदाय बञ्चीत छ । समाजिक कलङ्कका रुपमा रहेको छुवाछुतको समस्या व्यवहारिक रुपमा अझै विद्यमान छ । सार्वनजिक स्थलमा दलितहरूको अझै पनि अपहेलित हुन पुगेको छ । मुलुकलाई छुवाछुत मुक्त राज्य घोषणा गरि सक्दा पनि बहुसंख्कि मानिसहरूको दलित प्रति हेर्ने दृष्टिकोषमा परिवर्तन हुन सकिरहेको छैन् । केही वर्ष यता सरकारी तथा गैर सरकारी संघसंस्थाले यी जातीको उत्थानका लागि गरेका प्रयासहरूलाई पनि समुदायको वास्तवीक स्थितिमा कुनै परिवर्तन ल्याउन सकेको छैन् । स्वदेशी विदिशी विद्धानहरूले यि जातीहरूका वारेमा जती कलम चलाउनु पर्ने हो सो चलाएका भेटिएको पाइदैन । अनुसन्धानात्मक एवं विभिन्न कार्यक्रम पूर्णत लक्षित वर्ग सम्म पुग्न सकेको पाइदैन । यस्ता नीति तथा कार्यक्रम सैद्धान्तिक पक्षमा मात्र सिमित रहेको भेटिन्छ । यो अध्ययन दलित जातिहरूको उत्पीडितको सुत्रपात र त्यसको व्यापकता साथै उनीहरूको सामाजिक, साँस्कृतिक तथा आर्थिक अवस्थाको पक्षमा नयाँ आयामको रुपमा लिन सकिन्छ । यसका

साथै वेलावेलामा (०३६,२०४६,२०६२।६३ ) भएका राजनितिक घटनाक्रमहरूले पनि यस जातिका समस्यालाइ केही हद सम्म सम्वोधन गरेको र त्यसै अनुरुप निति निर्माण भएका छन् । जसका कारण सामाजिक, साँस्कृतिक आर्थिक लगायतका क्षेत्रमा अन्य जाति सँगको सम्वन्ध विस्तार विस्तार बढ्दै गएको पाइन्छ ।

पराजुली, (२००३) भन्दछन् हाम्रो समानको खण्डात्मक विभाजनले गर्दा दलित महिलाहरूको स्थितिको विश्लेषणमा अर्को कठिनाई पैदा भएको छ । कसलाई दलित भन्ने ? कसको तुलनामा ?को भन्दा कति मात्राले दलित गैर  दलित बीचको विभेद छुट्याउने विभिन्न जातभित्रका उपजात र उपजातभित्रको पनि समूह र उपसमूहले झन कठिनाइ थपेको छ । एउटा साक्षर, सम्पन्न दलित र निरक्षर, बेरोजगारी विपन्न गैह्र दलितको अवस्थामा कसको अवस्थालाई राम्रो मान्ने ? कसलाई ठूलो मान्ने ? भन्ने कठिनाई हाम्रो सामु भएकाले दलित महिलाहरूको अवस्था निरपेक्ष खालको छैन भन्न हामी सबैलाई कर लाग्दछ । समान आधारभूत तत्व हुदा हुदै पनि उत्पीडित जातिहरू जन्मैले अछूत र मरेपछि पनि अछूत हुने परम्परा विद्यमान छ । हिन्दूतन्त्र विधिमा मर्दा, सुत्केरी हुदा तथा ऋतुश्राव हुँदा र अन्य अवस्थामा चोखिन विधिहरू छन् । तर शुद्रहरूलाई चोख्याउने विधिको लागि कहिल्यै गरिएन र शूद्र जातिहरूलाई मानिसको रुपमा स्वीकार गरी मानवीय व्यवहार गर्ने आँट हाम्रो समाजले कहिल्यै गरेन । समाजले गरेको यो भेदभावपूर्ण व्यवहारले आज उतपिडित जातिहरूले पढ्न लेख्न अन्य जातिसरहको समान अवसर पाएका छैनन् । धारा कुवा, पँधेरो, बाटो हिड्दा तर्कनु पर्ने, छोइन नहुने, मन्दिरमा प्रवेश गरी पूजा आर्जा गर्न र होटलमा समान व्यवहार अनुसार खान नपाइने अलग बसी खाए पछि भाँडावर्तन माझी घोप्टाएर छोड्नु पर्ने वा आगोपानी गर्नु पर्ने, दूध बेच्न नपाइने, अपिस, अड्डा, सेना, प्रहरी, मिलमा रोजगारी नपाइने, कथंकदाचित पाइएका पनि जातीयताका कारण शारीरिक तथा मानसिक यातान खेप्नुपर्ने स्थिति रहेको छ ।

नेपाली समाजिक उत्पीडित जातिको सर्वाङगीण विकास हुन नसकि समुचित विकासबाट वञ्चित हुनुपरेको छ । स्थितिका लागि कुनै न कुनै रुपमा हिन्दू धर्मशास्त्रहरू यिनिहरूको व्याख्या र दर्शन (हिन्दु वादि समाज) जिम्मेवार रहेका नकार्न सकिदैन भनि विश्वकर्मा पदमलाल (२०५०) विश्व श्रम विभाजनको प्रयोजनका लागि शुरु गरिएको वर्ण व्यवस्थापन मानवीय मूल्य र मान्यता विपरित धर्मको व्याख्या हुन थालेपछि शूद्रको रुपमा एउटा

श्रमशिल समाज जातीय भेदभाव उत्पीडनको चरम यातनाका प्रारम्भदेखि वर्तमान कालसम्म उतिकै रुपमाभोग्दै दास जीबन जिउन बाध्य बनेको छ । संसारका अनेक धार्मीक सम्प्रदायका बिच बिभेद भएको पाईन्छ । तर अछुत मानिएको छैन । यसको मतलब पृथकतामा भेदभाव गर्नु उचित हो भन्ने होइन । एकै धर्मभित्र जन्मकै आधारमा ठूलो पर्खाल ठड्याइएको हिन्दू धर्ममा भन्दा विश्वका अरु कुनै धर्ममा  पाइदैन । हाम्रो समाजमा कथित निन्न हिन्दूहरू मात्र हैन, गैह्र हिन्दू वा गैह्र आर्य जातिका मानिसहरू उत्तिकै रुपमा पीडित छन्, जाति कथित उच्च जातिबाट छन् । जस्तै गुरुङ, मगर क्षेत्री ब्राह्मण ठकुरी आदि जातिहरूबाट भइरहेको जातीय भेदभाव  लिन सकिन्छ ।

समान्तवादी वर्णव्यवस्ताले समाजलाई विभिन्न जातजति र वर्णमा विभक्त गरेर मात्र विभेद सृजना गराएको छैन । जनतालाई आपसमा फुटाउने र उनीहरूमा एकता हुन नदिई आसी घृणा र विद्वेष पलैलाउने उद्देश्यले चार वर्ण भित्रका शद्रहरूलाई पनि अछूत र छूत भनी फुटाईदिएको छ । अछूत शुद्र बनाइएकाहरू भित्र पनि छुवाछुतको प्रथा चलाइरहेको छ ।

नेपाली समाजमा दलितहरू भित्र पनि यस्ता समुदायहरू पनि छन्, जो अर्को दलित समूहलाई अछुत मान्दछन् र उसले छोएको पनि खादैन्न । विविध जातिका दलितहरूको बीचमा विवाह तथा अन्य सम्बन्ध नगन्य मात्रामा देखिन्छ । माथिको तहको भनीएको दलितको तल्लो तह भनीएको दलितलाई आफ्नो घरभित्र पस्नसमेत नदिने प्रचलन पाइन्छ । जस्तोः पहाडका सार्की र कामीहरूले दमाई, बादी, गाइनेहरूलाइ अछूत मान्दछन् । गाइनेहरू बादी र पोडेलाई अछूतो मान्दछन् । सार्कीले दमाई र कामीकी छोरीबाट जन्माएको सन्तानलाई कडारो, यस्तै दमाइले कामी र सार्कीकी छोरीबाट जन्माएको सन्तानलाई बिटला, तथा कामीले दमाई र सार्कीकी छोरीबाट जन्माएको सन्तान तल्लो जात हुन्छ र तिनीहरूको बाबुले गर्ने सबै काम गर्ने पाउदैनन्, ती सन्तानहरूले बीचमा पनि छुवाछुतको व्यवहार हुने गरेको कुरा बताउँदछन् । पछिल्लो समय भने विभिन्न परिवेशका कारण यस्ता विभेदपूर्ण व्यवहारमा कमी देखिन थालेको तथा एक आपसमा अन्य जातजातिसँग सहकार्य गदै अगाडि बढेको देखिन्छ (स्रोत : स्थलगत सर्वेक्षण, २०६६) ।

# अध्याय तीन
# अनुसन्धान पद्धति

## ३.१ अध्ययन छनौटको औचित्य

समग्र दलित महिलाहरूकोअध्ययन क्षेत्र अन्तर्गत गण्डकी प्रदेश, पर्वत जिल्ला महाशिला गाँउपालिका वडा नं ४ पाखापानीलाई लिइएको छ । विभिन्न जाती जनजाति अर्न्तगत पर्ने दलित समुदायका महिलाहरूको सामाजिक, साँस्कृतिक तथा आर्थिक अवस्थाको चित्रण गर्दै दलित महिलाहरूकोअन्य जातिसँगको सम्बन्धलाई विश्लेषण गरी शोधपत्र तयार पार्ने योजना मूताविक उक्त क्षेत्रभित्रको वडालाई अध्ययन क्षेत्र मानिएकोछ ।

## ३.२ अध्ययनको ढाँचा

यो अध्ययन वर्णनात्मक र अन्वेषणात्मक दुबै ढाँचामा रहेको  छ सार्की दर्जी, कामी जातिको महिलाहरूको समाजिक, साँस्कृतिक तथा आर्थिक अवस्थाको अध्ययन गरि यस जातिको अन्य जातिहरूसंगको सम्बन्ध के कस्तो छ पत्ता लगाउनु साथै वर्तमान अवस्थाको बारेमा जानकारी लिनका लागि अन्बेषणात्मक र वर्णनात्मक ढाँचाको  प्रयोग गरियको छ।

## ३.३ समग्र अध्ययन विधि

पर्वतको महाशिला गा.पा. अन्तर्गत पाखापानी क्षेत्रमा दलित समुदायको जम्मा घरपरिवार संख्या १३९ रहेकोले ती सबै घरपरिवारलाई समग्र अध्ययन विधिबाट छनौट गरी अध्ययन गरिएको छ । उक्त १३९ दलित घर परिवारबाट प्रत्येक घरपरिवारका १।१ जना सक्रिय महिलाहरूलाई अध्ययनको इकाई मानी उनीहरूबाट अन्तवार्ता अनुसूचीको माध्यमबाट अध्ययनका लागि आवश्यक प्राथमिक तथ्याङ सङकलन गरिएको थियो ।

## ३.४ तथ्याङ्कको स्रोत प्रकृति

यस अध्ययनमा प्राथमिक तथा द्वितीय दुबै प्रकारका तथ्याङ्कको उपयोग गरिएको छ र प्राथामिक तथ्याङ्क र अध्ययनसँग सम्बन्धित प्राय:जानकारी अध्ययन क्षेत्रबाट नै सङ्कलन

गरिएको छ । ति तथ्याङ्कहरूबाट साथै महत्वपूर्ण घरायसी जानाकारीहरू दलित जातिहरूको घरमुलीबाट लिइएको छ । यसका अतिरिक्त द्वितीय तथ्यांक संकलनका लागि विभिन्न पुस्तकालय दलित जाति तथा अन्य जातिगत अध्ययनसँग सम्वन्धित प्रकासित तथा अप्रकासित लेख रचनाहरू सम्वन्धित अन्य पुस्तकका साथै महाशिला गाँउपालिकाको ४ नं वडा कार्यालय र उपस्वास्थ्य चौकी वाट लिइएको छ । यिनै प्राप्त तथ्यांकको आधारमा व्याख्या विश्लेषण गर्ने प्रयत्न गरिएको छ ।

## ३.५ तथ्यांक संकलनका स्रोतहरू

अध्ययन कार्यमा मुख्यतया प्राथमिक तथ्यांकको आधार लिइएको छ । निम्न विधिद्धारा तथ्यांक संकलन गर्दा विभिन्न पद्धति अपनाएर संकलन गरिएको छ ।

### ३.५.१ प्राथामिक तथ्यांक

यस अध्ययनमा प्राथमिक तथ्यांक संकलन गर्दा अध्ययन सँग सम्वन्धित प्रायः जानकारी अध्ययन क्षेत्रवाट संकलन गरिएको छ । गुणात्मक र संख्यात्मक तथ्यांकको सहयोगवाट अध्ययन कार्य उपलब्धीमूलक हुने भएकाले यस शोधकार्यमा अर्न्तवार्ता अनुसूची र सहभागी अवलोकन पद्धतिलाई अपनाएको छ ।

**क) अर्न्तवार्ता अनुसूचि**

यस अध्ययनमा अर्न्तवार्ताको भुमिकालाई दृष्टिगत गरी दलित **जातिका महिलाहरूको सा**माजिक, साँस्कृतिक तथा आर्थिक पक्ष सँग सम्वन्धित तथ्यांक एवं जानकारी प्राप्त गर्न अर्न्तवार्ता पद्धति अपनाएको छ । अर्न्तवार्ता सम्वन्धि अध्ययन क्षेत्रका दलित जातिका २० देखि ५० वर्ष सम्मका महिलाहरूसँग लिइएको छ ।

**ख) अबलोकन**

यस अध्ययन शिलशिलामा सहभागि अबलोकन पद्धतिबाट दलित महिलाहरूकोखानपान, भेषभुषा घुमफिर घरको बनाबट, घर घरवरपरको वातावरण आदि अबलोकन स्वयं अनुसन्धान कर्ताको प्रयासबाट स्थलगत तथ्यांक  सङ्कलन गर्ने प्रयास गरिएको छ ।

## ३.६ तथ्याङ्को प्रस्तुतीकरण र बिश्लेषण

अनुसन्धान कार्यमा संकलित तथ्याङ्कहरूलाई निश्चित गुण प्रकृति र बिशेषताको आधारमा वर्गीकरण गरिसकेपछि प्रस्तुतीकरणको कार्य प्रारम्भ हुन्छ । यस अध्ययनमा खास गरी प्राप्त तथ्याङ्कलाई विश्लेषण एवम् तालिकीकरणको माध्यमबाट प्रस्तुत गरिएको छ ।

# अध्याय चार

# सामाजिक जनसाङ्ख्यिक पृष्ठभूमी

## ४.१ भौगोलिका स्थिति

विश्वमान चित्रमा पर्वत २८०००° १९ दक्षिण देखी २८०२३° दक्षिण अक्षांश र ८३०३३°४० दक्षिण देखि ८३०४९° ३० दक्षिण देशान्तर सम्ममा रहेको छ ।यस जिल्लाको सिमानामा पूर्वमा कास्की र स्यांङ्जा, दक्षिणमा स्याङ्जा र गुल्मी, पश्चिममा गुल्मी, म्याग्दी र वाग्लुङ्ग र उत्तरमा म्याग्दी जिल्लाहरू पर्दछन् । यस जिल्लाको कुल क्षेत्रफल ४९४वर्ग कि.मी रहेको छ । उचाइका हिसावले समुन्द्र सतहवाट ५२० मि उचाइमा रहेको सेतीवेणीदेखि ३,३०९ मि. उचाइमा रहेको हम्पालको लेकसम्मको भू-भाग यस जिल्लामा पर्दछ । यस जिल्लाको कुल भूमी २४,१७१ हेक्टर रहेको छ । राजनीतिक विभाजन अनुसार पर्वत जिल्लालाई १ प्रतिनिधि सभा, निर्वाचन क्षेत्र, २ प्रदेश सभा निर्वाचन क्षेत्र, २ नगरपालिका, ५ गाँउपालिका र ६२ वडामा विभाजन गरिएको छ । यस जिल्लाको कुल जनसंख्या १,४६,५९० रहेको छ । जसमध्ये महिला ८१,२८९ रहेका छन् ।

नेपाल अधिराज्यको गण्डकी प्रदेशका जिल्लामध्ये विविध वास्तविकताले चर्चामा रहेको पर्वत जिल्लाको दक्षिणतर्फ महाशिला गाँउपालिका मध्ये वडा ४ पाखापानी समुद्र सतहदेखि ८२०-२०६० मिटरसम्मको उचाइसम्म रहेको यस पाखापानी महाशिला गा.पा.को पूर्वमा स्ङजाको मूलाबारी पश्चिममा पर्वतको पैयूँ गाउँपालिका उत्तरमा फलेवास गाउँपालिका र दक्षिणमा आरुर्खक गाउँपालिका रहेका छन् । राजनैतिक विभाजनको हिसावले यो महाशिला ४ पाखापानी जिल्ला निवाचन क्षेत्र नं गाउँपालिका २ मा रहेको छ । ७ वटा वडामा विभाजित यस गाउँपालिका समितिको प्रशासनिक कार्य वडा नं ३ वालकोटमा कार्यालमा रहेको छ । यस शोध अध्ययन पाखापानी ४, महाशिला गा.पा.को भौगोलिक अवस्थितिको नक्सा तल प्रस्तुत गरिएको छ ।

## अध्ययन क्षेत्र

## ४.२ क्षेत्रफल तथा भू-बनोट

यस महाशिला गाउँपालिका समुद्री सतहदेखि ८२-२०६० मिटर उचाइमा रहेको छ । धरातलीय स्वरुप भिरालो रहेको यस गा.पा को कुल क्षेत्रफल ११४१.५४ हेक्टरमा फैलिएको छ । यहाँको मुख्य पेशा कृषि भएतापनि वर्षको समयमा मुख्य खेती धान वाहेक हिँउदको समयमा सिचाँइ सुविधाको अभावका कारण कृषि उत्पादनमा कमी रहेको छ । ज्ञान चेतानको कमीले गर्दा व्यापारिक भावनाको बिकास नभएकाले व्यावसायिक कृषि पेशा गरेको पाइदैन । यहाँका मानिसहरूको वैदेशिक रोजगारी प्रतिको अत्याधिक मोहका कारण ४० प्रतिशत खेतियोग्य जमिन बाँझो रहेको छ ।

## ४.३ जनसङ्ख्या

यो शोधपत्र तयार गर्ने प्रयोजनका लागि सङ्कलन गरिएको आधारमा वडा नं. ४ पाखापानीमा बसोवास गर्ने कुल दलित जम्मा घरघुरी १३९ मा कूल १००६ जनसंख्या रहेका छन् । उक्त वडामा मुख्यतया कामी, सार्की, दर्जी मुख्य रहेका छन् । यी मध्ये कामीको घरधुरी ४५ मा ३१५ जनसंख्यामा महिला १५२ र परुष १७३ रहेको, सार्कीको ६० घरधुरीमा ४१० जनसंख्यामा महिला २०० र पुरुष २१० रहेको र दर्जी ३४ घरधुरीमा २८१ जनसंख्यामा महिला १३३ र पुरुष १४८ रहेको पाइयो ।

## ४.४ जातीय स्थिति

पर्वत जिल्लाभित्र विभिन्न जातजातिहरूको बसोवास रहेको देखिन्छ । यस क्षेत्रभित्र ब्राह्मण, क्षत्री, गुरुङ्ग, मगर, कामी, सार्की, दमाई, मुस्लिम, नेवार आदि समुदायको बसोवास रहेको पाइन्छ । यसैगरी उक्त समुदायका मानिसहरूले विभिन्न धर्म मान्ने गरेका छन् । राष्ट्रिय जनगणना २०६८ अनुसार हिन्दू धर्म मान्ने ८६.०७%, बौद्ध धर्म मान्ने १२.४७% क्रिश्चियन धर्म मान्ने ०.०७%, इस्लाम धर्म मान्ने ०.५८%, जैन धर्म मान्ने ०.०१% र अन्य ०.८० % रहेको छ । यस जिल्लामबसोवास गर्ने दलितहरूको तथ्याङ्क विवरण आ.व. २०६६/०६७ दलित वर्ग उपेक्षति, उत्पीडीत र उत्थान विकास समिति जि.स.स. पर्वतले यस जिल्लामा बसोवास गर्ने दलित जातिको १३९ घरधुरी रहेको र उक्त घरधुरी अन्तर्गत १००६ जनसङ्ख्या रहेको देखाएको छ ।

यस वडाको जनसङ्ख्या वृद्धिदर ०.५३% रहेको पाइन्छ (स्रोतः रा.ज.ग. २०६८ को आधारमा शमखाको कार्यलयवाट विश्लेषित) पछिल्लो तथ्याङ्कअनुसार यस वडाभित्र कूल घरधुरी १३९ रहेका छन् । जसमा कूल जनसंख्या १००६ जना रहेको पाइन्छ (स्रोतः वडा कार्यलय पाखापानि) ।

यस अध्ययन क्षेत्रमा कुल घरधुरी १३९ दलित रहेकोमा ६० घरधुरी सार्की जाति रहेको छन् । २१० जना पुरुष र महिला गरी जम्मा २०० जना सार्की जाति, कामीको घरधुरी ४५ जसमा महिला १५२ र पुरुष १७३ रहेका छन् भने दर्जीको घरधुरी संख्या ३४ जसमा महिला १३३ र पुरुष १४८ बसोबास गर्दछन् (स्रोतःस्थलगत सर्वेक्षण) ।

## ४.५ भाषा र धर्म

यस वडा भित्र क्षत्री, ब्राह्मण, ठकुरी, गुरुङ जातिको बसोबास उल्लेख रुपमा रहेको छ भने अन्य कामी,सार्की, दमाई, तथा मगर जातीको सङ्ख्या न्यून रहेको पाइन्छ । यस अर्न्तगत गुरुङ समुदायको आफ्नै मातृभाषा भएपनि आफ्नो घरपरिवारमा समेत नेपाली प्रयोग गरेको पाइन्छ । त्यस्तै यसभन्दा अन्य जातिको आफ्नो छुट्टै मातृभाषा नभएको र नेपाली भाषालाई नै मातृभाषाका रपमा मान्दै आएको पाइन्छ ।

धर्मलाई हेर्दा यस क्षेत्रमा बोलिने भाषा खास भएको हिन्दू धर्म र सोहिअनुसारका मूल्य मान्यताहरूलाई अबलम्बन गर्दै आएको पाइन्छ । अल्पसङ्ख्या मगर समुदाय बौद्ध धर्मावलम्बी भए तापनि उनीहरू हिन्दूधर्मकै प्रभाव देख्न सकिन्छ । राष्ट्रिय रुपमा मनाउदै आएका चाडपर्वहरू (दशै, तिहार, तीज, माघे सङक्रान्ति) सबै समुदायले आफ्नो हैसियत अनुसारको हर्सोल्लास पूर्ण तरिकाले मनाउने गरेको पाइन्छ । सामाजिक संस्कारहरू (न्वारन, पास्नी, चूडाकर्म, ब्रतबन्ध, बिवाह, मृत्यु संस्कार) आदिलाई हेर्दा हरेक समुदायको आ-आफ्नै किसिमले सम्पन्न गर्ने गरेको पाइन्छ । त्यस्तै वर्तमान समयमा आएर ससमित व्यक्तिहरूमा क्रिश्चियन धर्मको प्रभाव समेत परेको देखिन्छ (स्रोत :स्थलगत सर्वेक्षण, २०७६) ।

## ४.६ आम्दानीको मुख्य स्रोत

यस क्षेत्र भित्र पर्याप्त मात्रामा कृषियोग्य भूमि नभए पनि अधिकांश घरपरिवारको आम्दानिको मुख्य स्रोत भनेको कृषि पेशा नै मानिन्छ । जमिन जे जति भए पनि ज्ञान, सिप, चेतानाको कमी भएका कारण कृषिमा आधुनिक प्रविधिको विकास भएको देखिदैन कृषि पेशाले मात्र आफ्नो जिवनयापन गर्न कठिन भएका कारण केही स्वदेशि रोजगारीमा लागेका छन् । त्यस्तै यस क्षेत्रमा सामाजिक सांस्कृतिक एवं आर्थिक रुपले पछाडि रहेको जनसंख्या ज्यालामजदूरीमा बढी मात्रामा संलग्न रहेको पाइन्छ । साथै वर्तमान अवस्थामा वैदेशिक रोजगारवाट आफ्नो जीवनयापन गर्नेको संख्या पनि उल्लेख मात्रामा रहेको देखिन्छ । स्वदेशी तथा विदेशी रोजगारमा पुरुषहरू सहभागी हुन्छन् भने महिलाहरू सीमित मात्रामा स्वदेशी रोजगारीमा लागेका हुन्छन् । अधिकांश महिलाहरू ज्याला मजदुरी एवं घरभित्रको काममा व्यस्त रहेको पाइन्छ ।

## ४.७ भौतिक पूर्वधार

### ४.७.१. सडक

सडकको दृष्टिकोणले हेर्ने हो भने यस वडालाई पक्की सडकले छोएको छैन । पोखरादेखी उत्तरतिर ४०/४१ कि.मि मा अवस्थित पाखापानी स्याङ्जा जिल्लाको अर्जुनचौपारी गाँउपालिका हुँदै पर्वतको लुंखु हुँदै कुश्मा वजार सम्मको वजारले जोडिएको छ ।

### ४.७.२.शैक्षिक संस्थाहरू

यस वडा भित्र ३ वटा प्राथमिक र ३ वटा माध्यामिक  विधालयलय रहेका छन् सरकारी स्तरबाट सञ्चालित  विद्यालयमा ९९६ जना  विधार्थीहरू विभिन्न स्तरमा अध्ययनरत रहेका छन् । सरकारी विधालयमा अध्ययनरत विधार्थी विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१ महाशिला गा.पा.का अर्न्तगत अध्ययनरत विद्यार्थी विवरण**

| विद्यालयको नाम | जम्मा विद्यार्थी संख्या | छात्र | छात्रा |
|---|---|---|---|
| श्री जनविकास मा.वि. | ३८६ | १७५ | २११ |
| स्वधर्म मा.वि. | २२६ | १११ | ११५ |
| विश्वज्योती मा.वि. | २२४ | १३६ | ८८ |
| जनजागरण प्रा.वि. | २८ | १२ | १६ |
| चन्द्र  नगर प्रा.वि. | ९३ | ५३ | ४० |
| जयश्वर प्रा.वि. | ३९ | २३ | १६ |
| दलित विद्यार्थी मात्र | २८९ | १२७ | १२३ |

*स्रोत :स्थलगत सर्क्षेक्षण, २०७६ ।*

### ४.७.३. सेवामूलक कार्यालयहरू

यस वडाको कार्यालय पाखपानी सिम्लेमा रहेको छ, जसबाट गाउँस्तरका प्रशासनिक कामहरूमा सञ्चालन हुन्छन् । यसका साथै संस्थागत रुपमा सेवामूलक संघ  संस्था पनि कार्यरत रहेको देखिन्छ, जसअन्तर्गत सामुदायिक विकास केन्द्र, महिला उधमी तथा ऋण सहकारी संस्था स्थापनाई भई तिनीहरूमार्फत विभिन्न खालका गरीबी निवारण एवं जनचेतानामूलक कार्यक्रमहरू सञ्चालन भएको देखिन्छ । यस सहकारि मार्फत बिभिन्न जातजातिका मानिसहरूलाई सहकारिको परिधि भित्र रहेर सेवा प्रदान गरिरहेको छ । जसबाट निम्न आर्थिक हैसियत भएका व्यक्तिहरू प्रत्यक्ष लाभान्वित भएका छन् । यस वडामा दुई वटा स्वास्थ्य चौकी रहेका छन् ।

विकास निमार्णको अवस्थालाई हेर्दा उल्लेख्य हासिल गर्ने नसकेको देखिए पनि  पछिल्लो चरणमा आएर विकासका पूर्वाधारहरू एकपछि अर्को निरन्तर देखिन थालेका छन् । जसमा सरकारी तथा गैरसरकारी संस्था, सामाजिक व्यक्तित्वहरू भूमिका महङ्वपूर्ण मानिन्छ । विभिन्न समिाजिक संघसंस्थाहरूका माध्यमबाट तथा स्वयममा देखाएको चेतानाका कारण दलित जातिका महिलाहरूमा सामाजिक साँस्कृतिक तथा आर्थिक पक्षमा थप सुधार भएको देखिन्छ ।

# अध्याय पाँच

# दलित महिलाहरूको सामाजिक, साँस्कृतिक अवस्था

## ५.१ सामाजिक अवस्था

### ५.१.१ परिवारीक विवरण

यस जातिका परिवारमा श्रम विभाजनको आधारमा काम गर्ने भएकाले महिला घरधन्दामा बढी समय बिताउने र यसवाहेक पशु चौपायाहरूको रेखदेख, भान्साको काम, घरको सरसफाइ बच्चाको हेरबिचार जस्ता घरायसी कामहरूमा व्यस्त हुन्छन् भने शारिरीक परिश्रमिक काममा र व्यवहारिक काममा पुरुष नै बढी खट्ने हुन्छन् । घरमा कुनै महत्वपूर्ण अथवा नयाँ किसिमको कार्य गर्न लागिएको खण्डमा घरमुलिको तथा बुढापाकाको सल्लाह आवश्यक ठानिन्छ । छोरीभन्दा छोरा जन्मेको राम्रो मान्ने यिनीहरूमा छोरीलाई घरको काममा लगाउने परम्परा कम हुदैं गएको छ । परिवारमा विवाहित छोरीलाई पनि महत्वपूर्ण कार्यमा सरिक गराइन्छ । अंशवन्डा गर्दा पैतृक सम्पतिमा विशेष गरी जग्गा जमिन, पशुपंक्षी, भाडाकुँडा, बाबुआमा तथा छोराहरू बराबर बाँड्ने गरेको पाहिन्छ भने विवाह भएका र विवाह नभएका छोरा वा छोरीमा अंशबन्डा गर्नु पर्दा विवाह भाग छुट्टाएर सम्पति भाग लिइन्छ । ५/६ जनाको परिवार मिलेर एकै घरमा बस्दछन् भने विवाह पश्चात् एकल र सानो परिवारमा बस्ने परम्परा विकास हुँदै आएको छ । पारिवारिक संरचनालाई तलको तालिकामा प्रस्तुत गरिन्छ ।

### तालिका ५.१ दलितहरूको जातिगत विवरण

| जाति | जनसङ्ख्या, किसिम | | प्रतिशत | |
|---|---|---|---|---|
| | एकल | संयुक्त | एकल | संयुक्त |
| सार्की | 40 | 20 | 42.7 | 44.4 |
| दर्जी | 25 | 9 | 26.6 | 20.0 |
| वि.क | 29 | 16 | 30.7 | 35.6 |
| **जम्मा** | 94 | 45 | 100 | 100 |

*स्रोत : स्थलगत सार्वेक्षण, २०७५ ।*

उपर्युत तालिकालाई अध्ययन गर्दा संयुक्त परिवार भन्दा एकल परिवारमा वस्न रुचाउने स्वभाव यी दलित समुदायका महिला महिलामा देखिन्छ । विवाह भएपछि विवाहित जोडिको छुट्टै बस्न चाहिने स्वभाव भएकोले नै यस्तो एकल परिवारको बाहुल्य यस जातिमा देखिएको पनि पाइन्छ ।

## ५.१.२ भेषभूषा

दलित समुदायका महिलाहरू आफ्नो भेषभुषाको लगाउने क्रममा मैला, पुराना, टालेका कपडा लगाउनु उनहिरूको बाध्यता हो । अरुले दिएको जडौरी कपडा लगाउने पनि भेटिन्छ । विवाह, ब्रतबन्ध एंव विधिन्न चाडपर्वहरूमा दौरासुरुवाल, पनि लगाउँदछन् । महिलाहरू गुन्यू, चोलो र मजेत्रो ओड्दछन् । फुसदको समयमा माइती/मावल एवं जात्रा उत्सवमा सर्ट पाइन्ट, गुन्यू, चोलो लगाई चिटिक्क परेर हिड्दछन् । पुराना पुस्ताहरूका पुरुष, महिलाहरू क्रमशः गुन्यू, चोलो र मजेत्रो ओड्ने यदाकता भेटिन्छन् भने नयाँ पुस्ताका युवा, युवती तथा केटाकेटीहरू सर्ट, पाइन्ट, कोट, कुर्ता सुरुवाल आदि पहिरनमा देखिन्छन् । यसै जातिभित्रका सम्पन्न परिवारका महिला पुरुषले सुनका गरगहना लगाएको पनि पाइन्छ भने विपन्न परिवारका महिलाले कमसल धातुको गहना लगाएको भेटिन्छ । आजभोलि पुराना गहना जस्तै कल्ली, वाला, ढुग्री, बुलाँकी आदी कमै देख्न पाइन्छ ।

यस जातिले आफ्नो परम्परागत भेषभूषा र आभूषणलाई बिस्तारै बिस्तारै छाड्दै अन्य जातिले झैं आधुनिक पहिरन सर्ट, पाइन्ट दौरासुरुवाल, कोट, साडी र ब्लाउज, पछ्यौरी प्रयोग गर्न थालेका छन् । यिनीहरूको पोसाक उनीहरूको जातीय पहिचान दिने खालको

नभएकाले पनि वर्तमान समयमा उनीहरूको पहिचान/भेषभूषाहरू लोप हुँदै गइरहेका छन् ।

## ५.१.३ खानपान

दलित महिलाहरूको मुख्य खाना अन्य जातिहरूको जस्तै दाल, भात, तरकारी नै हो । दाल, भात, तरकारी, अचार, माछा, मासु, जाँडरक्सी दलित जातिहरूको उत्सवमा खाने विशेष खाना हुन् । यिनीहरूको भान्सामा प्रायः एकसरो खाना (भात, तरकारी, ढिडो, मकै) पाक्दछ । ज्याला मजदूरी गर्न जाँदा अबेर हुने हुनाले पनि गाई/भैसी कमै पाल्ने भएकाले दूध, घ्यू, दही र मोही विरलै खान्छन् । चाडपर्वमा बोका, राँगा सुगुँरको मासुका साथै कहिलेकाहीँ जाड खाने गर्दछन् । विशेष गरी परिवारमा ज्वाँइ, भान्जा, इष्टमित्र तथा पाहुना आउँदा रक्सी र मासु खान दिई स्वागत गर्ने प्रचलन रहेको छ ।

विश्वमा देखिएको आधुनिकीकरणको प्रभावसँगै हाम्रो कट्टर हिन्दूवादी समाजमा बिस्तारै बिस्तारै खुकुलोपना आएको आभास हुन्छ । यस स्थितिलाई अध्यात्मवादीहरूले कलियुगको संकेत र केही परम्परागत रुढिवादी सोच कायमै राख्नेहरूले सामाजिक अनुशासमा विकृतिको प्रवेश तथा पलायन भनेर भन्ने गरेको पनि सुनिन्छ । यस सवालमा जस्तोसुकै विचारधारा आए पनि मानवीय सहअस्तित्वको पक्षबाट सामाजिक सम्मानपूर्वक खान पिउन सक्ने वातावरणलाई सकारात्मक मान्नुपर्छ । पाखापानी महाशिलाका दलित महिलाहरूसँग स्वतस्फुर्त (खुल्ला) रुपले दलितहरूको घरमा खाना खाने गैह्र दलितको सङख्या नगण्य भेटिन्छ भने लुकिछिपी खानेको संख्या अलि बढि देखिन्छ । त्यस्तै दलितले छोएको नखानेको संख्या न्यून भेटिन्छ ।

स्थलगत सर्वेक्षण अनुसार कतिपिय गैह्र दलितहरूले परम्परागत संस्कार अनुसार पुराना पुस्ताहरूले दलितसँगै बसेर नखाने भेटियो । बढी मात्रामा दलितका घरहरूमा लुकिछिपी खानेसंख्या भेटियो खानेबानी गर्दागर्दै पनि संकिर्ण बिचारले गर्दा उनीहरू हाकाहाकी खादैँनन् र समाजमा आफ्नो खाक्रो आडम्बर अथवा उच्च जातिको रवाफ देखाँउछन् भने हाकाहाकी खानेको संख्या न्यून रहेको छ । त्यसमा पनि सहभोज गर्नेमा युवा बढी नै रहेको भेटियो । उत्तरदाताका अनुसार यो क्रम पहिलेको तुलनामा बढदै गइरहेको छ ।

## ५.१.४ रहनसहन

सुरक्षात्मक दृष्टिले  प्रायः आफ्नो जातिसँग बस्न चाहन्छन् । ढुङ्गाको गाह्रो र खरको दुई पाखे छाना भएको सामान्य घरहरूमा गुजारा चलाउँदछन् । यिनीहरूको आयस्तर कमजोर भएकाले व्यवस्थित ढँगले आवासीय प्रबन्ध मिलाइएको छैन् भने कतिपय घरहरू ढुङ्गाको गाह्रो र जस्ता (टिन) को दुई पाखेछाना भएका घरहरू रहेका छन् । यिनीहरूको गोठ, धन्सार, बैठककोठा, शौचालय आदि व्यवस्थित गरेको देखिदैन । अधिकाँश घरमा ओढ्ने, ओछयाउने कपडाको राम्रो बन्दोबस्त भएको पाईंदैन । लुगाफाटाको नाउँमा साधारण थाङ्गना थराले चलाएका देखिन्छन् । भाँडा वर्तनमा पनि सिलौटाका कसौंडी, डेक्ची, थाल, कचौंरा, फलामे दिउरी, माटे कराई, सिलौटको गाग्री तथा प्लास्टीकको जर्किन जस्ता साधारण भाडाहरू प्रयोग गर्दछन् । यसरी आर्थिक विपन्नता र शिक्षाको कमीको कारण उनीहरू अन्धविश्वासमा विश्वास राख्दछन् । समाजमा केहि सदस्य बिरामी परेमा पहिले धामीझक्रीसँग जाने गर्दछन् भने केहि शिक्षित र आयस्रोत तुलनात्मक रुपले बढि भएकाहरूमा भने उल्लेखित रहन सहन भन्दा केहि सुधार देखिन्छ ।

यस्तै कृपि पेशाका रुपामा रहेकाले आफ्नो थोरै जग्गामा पनि मौसम अनुसारका खेतिपाति लगाउने, गोड्ने र भित्र्याउने कार्यमा पर्म लगाउने गर्दछन् भने बाकी समय खेतिकिसान एवं अन्य कामका लागि ज्यालाका काम गर्ने गर्दछन् । यसरी हुने आम्दानीबाट घरव्यवहार चलाउने गरेको देखिन्छ । दलित र गैह्र दलित समाजका सामाजिक क्रियाकलापमा सबै क्रियाकलाप खुल्ला रुपमा सञ्चालन नगरे पनि आपसी लेनदेन सुख दुःख मेलापातसँगै गर्ने थालेको पाइन्छ । त्यसैले यो क्रमशः बढदै गएको देखिन्छ ।

## ५.१.५  घरको किसिम

आर्थिक अवस्थाले सामाजिक तथा अन्य अवस्थामा पनि प्रभाव पार्ने स्थिति यहाँ झल्कन आउँछ । यस अध्ययन क्षत्रका १९ परिवार बाहेक सबै परिवारको घरको अवस्था नाजुक रहेको छ । साना कच्ची माटो र खरको होचो र साँघुरो परेको घरहरूमा यस जातिका मानिसहरू बसेका छन् । यिनीहरू सानो टुक्रा जमिनमा प्रयाः एकै ठाउँमा गुजुमुच्च घर बनाई बसेको देखिन्छ । गोठहरू व्यवस्थित र फराकिला देखिदैनन् कतिपयले पालीमा (घरको छानामा झन्ड्याएर बनाएको) गोठ बनाउने देखिन्छ भने कतिपयले गोठ छुट्टै बनाएको भए तापनि व्यवस्थित देखिदैन् । तथा निकासको समेत राम्रो प्रबन्ध गरेको पाईदैन । पशुपालनमा अधिकांशले आर्थिक कारणले गर्दा आफ्ना भन्दा अरुका अधिंया तिन भागे -तीन भागको

एक भाग मात्र पाउने) पालेको देखिन्छ । त्यस्तै यस जातिको आफ्नो प्रशस्त जमिन नभएका कारण गैर दलितहरूको खेतिबारि अधिंया कमाउने देखिन्छ । यसरी उनीहरूले कमाउने जग्गा प्रायः कम उब्जाउ हुने खालको पाइन्छ । आफ्नै वस्तु पाल्नेहरूले पनि न्यून रुपमा पालेको देखिन्छ । घरको किसिम र सङ्ख्या निम्न तालिकामा प्रस्तुत गरिन्छ ।

**तालिका ५.२ उत्तरदाताको घरको किसिम सम्बन्धी विवरण**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| साना तथा खरले छाएका कच्ची घरहरू | ८० | ५७.५५ |
| ढुङ्गामाटाका कच्ची घरहरू | ४० | २८.७७ |
| ढुङ्गामाटाका पक्की घरहरू | १९ | १३.६६ |
| **जम्मा** | **१३९** | **१००** |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७६ ।*

उपर्युत तालिकालाई अध्ययन गर्दा १३९ घरधुरीमध्ये ८० वटा अर्थात् ५७.५५ साना तथा खरले छाएका कच्ची घरहरू रहेका छन् । ढुङ्गामाटाबाट बनेका कच्ची घरहरूको संख्या ४० अर्थात् २८.७७% र ढुङ्गामाटाबाट बनेका तथा जस्ता पाताले छाएका पक्की घरहरू १९ अर्थात् ३८.४६% रहेको छन् । वरिपरि पर्खाल बलियो नभएको खरले छाएका, होचा घरहरूलाई साधारण खरले खाएका कच्ची घरहरू मानिएको छ । घरवरिपरि पर्खाल ढुङ्गामाटाले लगाएका छाना भने अस्थायी रुपले भएको घरलाई कच्ची घर मानिएको छ । गारो पनि ढुङ्गमाटाको पक्की घर भनिएको छ । आर्थिक सवालमा हैसियत न्यून मानिएता पनि घरहरूको अपस्था हेर्दा केही घरधुरी सवल नै मानिन्छन्, जसको कारण उनीहरू बढी डकर्मी सिकर्मी जस्ता काममा सिपालु छन् भने कतिपय घरबाट बैदेशिक रोजगारमा पनि संलग्न रछन् । यसलाई उनीहरूको बाध्यता तथा सुखी परिवारको चाहानाका रुपमा लिन सकिन्छ ।

### ५.१.६. वर्तमान सन्दर्भमा दलित महिलाहरूको सामाजिक सम्बन्ध र प्रतिष्ठा

नेपालको अन्तरिम संविधान २०६३ ले नेपाललाई धर्म निरपेक्ष राष्ट्र घोषणा गरेको भए पनि प्राय जातिहरूमा हिन्दू धर्म र संस्कृति अनुसार रीतिरिवाजहरू प्रचलनमा रहेको पाइन्छ । समाजमा हरेक जातजातिहरूलाई माथिल्लो र तल्लो वर्ग भनी वर्ग विभाजन गरेको पाइन्छ । सो वर्ग विभाजन अनुसार पानी नचल्ने जातिका रुपमा परिचित दलितहरूलाई पुरानो रुढीबादी परम्परागत अनुसार अछूत जाति भनी हेला गरेको पाहिन्छ । नेपालको अन्तरिा संविधान २०६३ ले सामान्य कानूनको प्रयोगमा कुनै पनि नागरिक माथि धर्म, वर्ण, लिङ्ग, जात, जाति, उत्पत्ति, भाषा वा वैचारिक आस्था वा तीमध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन तथा पिछाडिएको वर्ग तथा क्षेत्रलाई विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन भनी समानताको हक प्रदान गरेको छ । त्यस्तै उक्त संविधान २०६३ धारा १४ मा छूवाछूत तथा जातीय भेदभाव विरुद्धको हक र अन्तरिम संविधान २०६३ कै धारा २१ मा सामाजिक न्यायको हकअर्न्तगत आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछि परेको दलित, आदिवासी जनजाति, मधेसी समुदाय, उत्पिडित, वर्ग, गरिबि किसान र मजदुर लाई समानुपातिक समावेशि सिद्धान्तको आधारमा  राज्यको संरचनामा सहभागि हुने हक हुनेछ भनि उलेख गरिएको छ, तर पनि गाउघरमा यदाकदा यस्तो पुरानो संस्कारको अन्त्य नभएको पाइन्छ ।यस्तो कु-संस्कारको  रुप कुनै पनि मानिसले मानिसलाई वास्तबिक पहिचान नगरि कसैलाई तुच्छ दृष्टिले हेरिनु सामाजिक दृष्टिकोणबाट राम्रो हुदैन ।

नेपाल एक बहु जातीय, बहुभाषिक, बहुर्धामिक, बहुसांकृतिक बिशेषता युक्त देश हो । यहाँ बिभिन्न जातजाति, र्धम, भाषा, सांकृतिक भए पनि एक आपसमा मिलेर समाञ्जस्यातापूर्ण तरिकाले जिवन यापन गरेको पाईन्छ । समाजमा यस दलित समुदायका महिलाहरूको जातिको किसिमको प्रतिष्टा रहेको छ । समाजका रितिरिवाज सामाजिक परम्परा र मुल्यमान्यतालाई असर नपुऱ्याई आफ्नै प्रकारको जातीय परम्परालाई निरन्तरता दिदै आईरहेका छन् । मानिस एक सामाजिक प्राणि भएकाले ऊ समाजमा बस्दछ । समाजमा आफ्नो हैसियत अनुसार सामाजिक सम्बन्ध तथा क्रियाकलापमा आफ्ना इष्टमित्र नाता कुटुम्ब र छरछिमेकिहरूसंग अन्तरसम्बन्ध कायम गरेको हुन्छ । परम्परागत पेसाका रुपमा छालाको जुत सिलाउने र्कायबाट डकर्मी, सिकर्मी एवं ज्याला मजदूरीका कारण अन्य जातिहरूसँग राम्रो सम्बन्ध रहेको पाइन्छ । अधिकाश घरपरिवार आर्थिक रुपमा सम्पन

भएका कारण र चेतानाको स्तर न्यून भएका कारण यिनिहरू आफ्नो पेशाको रुपमा मजदूरी समेत गर्नुपर्ने बाध्यता भएकाले र समाजमा आपसी सहकार्य (पर्मलगाई) गरी श्रमको साटासाट गर्ने भएकाले अन्य जातिहरूसँग घनिष्ट सम्बन्ध रहेको पाइन्छ । जसका कारण विभिन्न उत्सव, चाडपर्व, विवाह, ब्रतबन्ध एवं धार्मिक सांकृतिक आफ्नो रितिरिवाज अनुसारका पर्वमा अन्य जातिहरूले यस जातिलाई र यस जातिले अन्य जातिलाई निम्तो दिने प्रचलन रहेको पाइन्छ । आफ्ना छरछिमेकमा जातजातिको भेदभाव नगरी सबैको निमन्त्रणा स्वीकार गर्ने चलन यस जातिमा रहेको छ । स्थलगत सर्वेक्षणका क्रममा प्राप्त जानाकारी अनुसार वर्तमान समयको सामाजिक परिर्वतन, आर्थिक विकास, राजनैतिक परिवर्तन र शैक्षिक चेतानाका कारण यस जातिको अन्य जातिहरूसँग सम्बन्ध अझ नजिक हुन गएको छ । उक्त जातिले नेपाल अधिरज्यमै आफ्नो अस्थित्व कायम गराउने र आफ्नो जातीय पहिचान कायम गनका लागी उदायत रहेको छन् भने समाजको हरेक क्षेत्रमा यस जातिको अन्ये जातिसंग अन्तरसम्बन्ध र प्रतिष्ठा राम्रो रहेको पाईन्छ ।

## ५.२ दलित महिलाहरूको साँस्कृतिक अवस्था

दलित जातिका मानिसहरूको साँस्कृतिक अवस्था मानव समाजमा विभिन्न रीतिरिवाज, परम्परा, विश्वास कला र आफूलाई बाँच्नका लागि चाहिने विभिन्न किसिमका वस्तुहरूको सिर्जना मानिसले नै गरेको कुरा उल्लेख गर्दै Taylor E.B. का अनुसार : संस्कृति त्यस्तो समस्त जटिलता हो जसमा ज्ञान, विज्ञान, कला, नैतिकता, कानुन, प्रथा अन्य त्यस्तै गुणहरू संलग्न हुन्छन् । जसलाई समुदायको सदस्यताको हैसियतले मानिसले आर्जन गर्दछ । यस परिभाषामा सिकिने व्यवहारका रुपमा समष्टिगत पक्षलाई संस्कृति मानिएको छ ।

आचार्य बलराम (२०५४ वि.सं.२) यसरी मानिसले एउटा सामाजिक प्राणीका रुपमा समाजमा सिर्जना गरेको वा स्थापित गरेको विभिन्न किसिमका समष्टिगत वस्तुहरू नै संस्कृति हो । देश समाज वा जातिहरूमा रहेका चालचलन, रीतिरिवाज, भेषभूषा, आमोद प्रमोद, शिल्प व्यवसाय, धार्मिक मान्यता र भाषा एवं साहित्य मानसिक चिन्तनका उपजहरूको समष्टि नै त्यस देशको, समाजको, वा जातिको संस्कृति हो । त्यस्तै गरी मानिसले जीवनयापन गर्नका निम्ति अवलम्बन गरेको मार्ग वा बाटो वा माध्यम नै संस्कृति हो । मानिसका आवश्यकता पूरा गर्नका लागि मानिसद्धारा निर्मित भौतिक अभौतिक पद्धति एवं प्रणाली नै संस्कृति हो । संस्कृतिले मानिसका जीवन सञ्चालनमा महत्वपूर्ण भूमिका

खेल्दछ । मानिसले आफ्नो जीवन सञ्चालन गर्ने क्रममा विभिन्न मूल्य मान्यता, आर्दशहरू, रीति, संस्कार, कानुन, प्रचलन, कला, दृष्टिकोण (Rules &Regulations.norms, custom, art, perspectives, festival) आदिको सिर्जना गरेको हुन्छ । त्यस्तै औजार, कपडा, खानपान एवं अन्य उपभोग्य वस्तुहरूको निर्माण गरेको हुन्छ । यस्ता भौतिक ,अभौतिक पद्धतिजन्य तत्व संस्कृति भित्र पर्दछन् ।

आफ्नो किसिमको जीवनशैलीलाई प्रतिविम्बित गर्न धार्मिक तथा सामाजिक मूल्य मान्यताहरूको सामूहिक नाम नै संस्कृति हो । यस दलित जातिका समाजमा तिनको जीवन पद्धति र जातीय वैशिष्ट्य प्रस्तुत गर्न साँस्कृतिक रीतिस्थिति र चलनहरूमध्ये कतिपय आफ्नै किसिमका छन्  भने कतिपय अरु जात जस्तै मिल्दाजुल्दा छन् ।

## ५.३ धार्मिक तथा परम्परागत विश्वास

धर्म आध्यात्मिक शक्तिप्रतिको विश्वास हो । जसमा पवित्र र अपवित्रताप्रतिको धारणा विकास गरिएको हुन्छ । धर्मले वास्तविक पवित्र र अपवित्र, पाप र धर्म, स्वर्ग र नर्क जस्ता धारणाहरूको विकास गराई समाजमा गर्न हुने र गर्न नहुने, गर्नुपर्ने र गर्नु नपर्ने जस्ता समाजसँग र समाजको संस्कृति सँग प्रत्यक्ष सम्वन्ध र सरोकारको विषयमा व्यक्तिको, समाजको, परिवारको धारणा र क्रियाकलापलाई निर्देशित गरिएको हुन्छ ।

सामाजिक, धार्मिक मूल्य मान्यता र व्यवहारले नै मानिसको व्यवहारलाई नियन्त्रण  र निर्देशन गर्ने भएकोले पनि समाजमा धर्मको ठूलो महत्व छ । सामाजिक नियन्त्रण, सामाजिक परिवर्तन, सामाजिक व्यवहार र अन्तरसम्बन्ध, सामाजिक साँस्कृतिक विकास, मानवीय विकास आदि पक्षमा धर्मको महत्वपूर्ण भूमिका र सम्बन्ध भएको हुनाले पनि धर्मको अध्ययन अपरिहार्य ठानिन्छ । धर्म सम्वन्धी विविध धारणा पाइए तापनि समग्रमा अलौकिक शक्तिप्रतिको विश्वास, सामाजिक एकता र नियन्त्रणको मूल आधार प्रकृति प्रतिको विश्वास, भक्तिभाव, पूजा आराधना आदिसँग सम्वन्धित छ ।

नेपालका विवधि जातिहरूमा धार्मिक आस्था प्रबल रुपमा रहेको पाइन्छ । त्यसै गरी अल्पसंख्यक दलित जातिका महिलाहरू पनि यसबाट टाढा छैनन । यिनीहरू आफूलाई हिन्दु धर्मावलम्वी भएको बताउँछन् । गाईलाई पवित्र मानेर पूजा गर्ने र गाईको गहुँत वा गोबर

चोखो सम्झने हिन्दु धर्मको मूलभूत प्रवृतिलाई दलित जातिले पनि आत्मसात गरेका छन् । देवी, देवता, स्वर्ग, नर्क पाप पुण्य, पुर्नजन्म र भाग्य जस्ता कुरा हिन्दु धर्मका मुख्य विशेषताहरू हुन् । दान पुण्य र बली दिएमा धर्म हुन्छ ,पाप नाश हुन्छ, ईश्वर खुसी पारे स्वर्गको ढोका खोलिन्छ भन्ने धारणा यस जातिमा रहेको पाइन्छ ।

नेपालका अविकसित तथा पिछडिएका अल्पसंख्यक जातिको वर्गमा पर्ने दलित जातिमा धार्मिक तथा अन्धविश्वास पनि प्रशस्तै पाइन्छ । वर्तमान समयमा शिक्षा एवं चेतनाका विविध कार्यक्रमहरू सञ्चालन गरेको भएपनि अपेक्षाकृत सफल हुन सकेको छैन । यस ठाउँका दलित जातिहरू अझैपनि आधुनिक विचारधारा एवं चिन्तनसँग अझै सामिप्यता हुन नसकेको पाइन्छ । पुरानै जीवनशैली, मूल्य मान्यता र रुढिबादी संस्कारमा नै यिनीहरूको जीवनशैली सञ्चालन भइरहेको पाइन्छ । नविन सामाजिक मूल्य, मान्यता, चेतना, नवजागरणको कमी हुनुको कारण यिनीहरू भूतप्रेत, लागोभागो, लामा झाँक्री, बोक्सी, झारफुक, नाग, भगवती, भैरव जस्ता अनेकौं देवी देवताको भाकल गर्ने, पुजा गर्ने प्रचलन व्यापक रुपमा पाइन्छ । समाजमा लामा-धामीको प्रचलन पनि निकै हुन्छ । दलित जातिहरू हिन्दु धर्मका मूल्य र मान्यता अनुरुपका चाडपर्व तथा पूजाआजा गर्ने गरेको पाइन्छ । जुन निम्नानुसार छन् ।

## ५.४ चाडपर्व

प्रत्येक समाजमा आ-आफ्नै रीतिरिवाज, चालचलन र चाडपर्व हुन्छन् । समाज अनुसार आ आफ्ना तरिका अनुसार मानिसहरू चाडपर्व मनाउँछन् । चाडपर्व मनाउनुको उदेश्य आ आफ्ना देवी देवताको पूजा गर्नु हो । इष्टमित्र, नातागोतासँग भेट गरी दुख सुख, भलाकुसारी गर्नु पनि हो । यस देशका अनगिन्ती चाडपर्वहरूले परापूर्वककालदेखि नै आफ्नो छाप पारको पाइन्छ । तसर्थ यहाँ बस्ने अधिकांश मानिसहरूले हिन्दु धर्म अनुसारका विभिन्न चाडपर्व मनाउँछन् । यस क्षेत्रका दलित जातिहरूमा आफ्नो संस्कार, संस्कृति र परम्पराअनुसार आफ्नै किसिमका  चाडपर्वहरू रहेका छन् । उनीहरू विभिन्न चाडपर्वहरू जस्तै तीज, दशै, तिहार आदि बडो हर्षोल्लास पूर्ण वातावरणमा भोजभतेर र नाचगान गरी मनाउँदछन् । त्यस्तै केही चाडपर्वहरू यसप्रकार छन् ।

## तीज

नेपाली हिन्दु महिलाहरूको प्रमुख चाड अन्य समुदायहरुले झैँ यस दलित समुदायहरुले पनि विशेष धुमधामका साथ मनाउने गर्दछन् । प्रायजसो भाद्र महिनामा पर्ने यस चाडमा उनीहरू चेलीबेटी बोलाउँदछन् । तीजको अघिल्लो दिन राती आफ्नो हैसियत अनुसारको मिठो खानपान सँगै दही पनि खाने गर्दछन् । जसलाई दर खाने भन्दछन् । दर खाएको भोलिपल्ट ब्रत बस्ने गर्दछन् । उक्त अवसरमा दिदिबहिनीहरू भेट भइ सुख दुख बाँड्ने, रमाइलो गरी तीज गीत गाउने नाच्ने गर्दछन् । तीजमा यस जातका नारीहरू अन्य जातका नारीहरू झैँ अविवाहितले आफ्नो इच्छानुसारको योग्य पति पाउनका लागि र विवाहित नारीले पतिको सुस्वास्थ्य तथा दिर्घायुको कामनाका साथै मनका इच्छा पुरा होस् भनी ब्रत बस्ने गरेको पाइन्छ । यो ब्रत बस्नाले लोग्ने धेरै वर्ष बाँचिरहोस र आफू सौभाग्यवती बन्न पाइरहियोस भन्ने पनि उनीहरूको चाहना रहन्छ ।

## बडादशैँ

हिन्दु धर्म मान्ने जातजातिहरूको मुख्य पर्वको रुपमा दशैँलाई लिएको पाइन्छ । यी चाड रामले रावणमाथि गरेको विजय र दुर्गा भगवतीले रक्षाको बद गरेको उत्सवलाई लिएर मनाइन्छ । यस पर्वलाई उत्साह र उमंगको पर्वका रुपमा लिइन्छ । यो चाड मनाउनका लागि देश विदेशमा रहेका घरका सदस्यहरू घर आउँदछन् । दशैँ घटस्थापनाका दिनबाट सुरु भएर कोजाग्रत पूर्णिमाका दिन समाप्त हुन्छ । विशेषगरि दशैँमा दुर्गाभगवतीको पूजा आराधना गरी सप्तमी, अष्टमी, तथा नवमी का दिन आ आफ्नो हैसियत अनुसारका कुखुरा, बोका, सुँगुर, राँगो आदिको बलि दिन्छन् । दलित जातिका मानिसहरू पनि अन्य जातिहरू जस्तै दशमीका दिन नयाँ नयाँ कपडा लगाई आफूभन्दा ठूलाबडा मान्यजनको हातबाट टीका र जमरा लगाई आर्शिबाद लिने गर्दछन् । यो चाड यिनीहरू आफ्नो आर्थिक स्थितिलाई हेरेर मनाउने गर्दछन् । दशैँको समयमा माइती मावली तथा ससुराली आउने जाने र माछा, मासु, जाँड रक्सी खाने परम्परा यस जातिमा छ । टाढा टाढा सम्म टिका लगाउन जानुपर्ने भएकोले दशमीको दिनबाट पूर्णिमाको दिनसम्म टीका लगाउने गर्दछन् । विजयादशमीलाई असत्य माथि सत्यको विजयको प्रतिकको रुपमा मानिन्छ । सत्यको विजयको प्राप्तिको लागि शक्तिको आवश्यकता पर्दछ । यस शक्तिको प्रतिमूर्ति भगवती हुन् । यसैले दलित समुदायहरू नवदुर्गाको नवौं दिनसम्म पूजाअर्चना गर्ने गर्दछन् ।

## तिहार

तिहार हिन्दुहरूको महत्वपूर्ण चाडका रुपमा मानिन्छ । यो चाड पनि यस जातिले भव्य रुपमा  मनाउने गर्दछन् । गाई तिहारका दिन दलित समुदायहरु गोवरको गोवर्द्धन पर्वत बनाइ त्यसमा दुधको धार चढाइ पूजा गर्दछन् । यिनीहरूमा गोबर्द्धन पूजा गर्नाले गाइवस्तुको रक्षा हुन्छ, सम्पति र सुख बृद्धि भएर मनको कुरा पुग्छ भन्ने जनविश्वास छ । काग, कुकुर, गोरु, भैँसी जस्ता पंक्षि तथा जनावरहरूको पूजा गरेको पाइन्छ । काग र कुकुरलाई खान दिएर मात्र आफूले खाने र अन्य जनावरलाई चामलको पिठोको टीका, फूलमाला र मिठो मिठो खान दिन्छन् । त्यस्तै भाइटिकाको दिन दलित जातिहरू पनि अन्य जातिहरू झैँ आफ्ना दिदिबहिनीद्वारा दाजुभाइको वरिपरी तेलको धारा हाली सधैँ हरियो रहने दुबोको र मखमली फूलको माला लगाइदिँदा दाजुभाई स्वस्थ र दिर्घायु हुन्छन् भन्ने विश्वास रहेको छ । यस दिनमा दिदिबहिनीले दाजुभाईलाई सप्तरङगी टीका लगाईदिई लामो आयुको कामना गर्दछन् र दाजुभाइलाई मिठाई, फलफूल खान दिन्छन् । दाजुभाइले पनि आफ्ना दिदिबहिनीलाई आफूले सकेको नगद तथा जिन्सी अर्पण गर्दछन् । यसै अवसरमा देउसी भैलो खेली अर्थ संकलन गर्नुका साथै मनोरञ्जन गर्दछन् । यसबाट उठेको रकमले भोज खाने तथा सार्वजनिक हितका कार्यहरू गर्ने गर्दछन् । तिहार पर्व मनाउनुको मुख्य उदेश्य दाजुभाई स्वस्थ रहने, आयु लम्बिने सन्तानहरू फैलाउँदै जाने विश्वास रहेको पाइन्छ ।

## माघेसङक्रान्ति

हरेक वर्ष माघ १ गते वा मकर सङक्रान्तिका दिन यो चाड मनाउने गरिन्छ । यस दिनमा दलित समुदायले आफ्ना इष्टमित्र, नातागोतालाई घरमा डाकी सवै एकै ठाउँमा बसी खाने, रमाइलो गर्ने चाडका रुपमा मान्दछन् । मकर सङक्रान्तिपछि वर्षायाम सुरु हुने भएकोले हिउँदका दिनहरू हाँसी खुशी विताइयोस र वर्षयाममा पनि यसरी नै बितोस् भन्ने कामनाका साथ रोटी, खिचडी, तरुल, मासु, जाँड रक्सी जस्ता खाद्य पदार्थको सेवन गरी मनोरञ्जनका साथ मनाउँछन् ।

### चैते दशैँ

दलित समुदायहरूको अर्को प्रमुख चाड चैते दशैँ पनि हो । यस अवसरमा कालिका माइको पूजा आराधना गर्दछन् । यस अवसरमा गाउँका सबै भाइ बन्धु नातेदार जम्मा भई कालिकाको पूजा आराधना गर्दछन् । एउटै भाव, विश्वास र एकै ठाउँमा जम्मा भएर एउटै उद्देश्यले गरिने कालिको पूजाको महत्वपूर्ण पक्ष सामुहिकता हो । शक्तिका उपासक दलित समुदाय शत्रुनाशक, बाधानाशक बुद्धि र आयु दातृ देवीका रुपमा कालिकाको पूजाआराधना गर्दछन् । कालिमाई हाम्रो रक्षा गर भन्दै यस समुदायका व्यक्तिहरू अक्षतापाती र रोटी चढाउँदै कालिकाको पूजा आराधना गर्दछन् । बली चढाएको मासु प्रसादको रुपमा सबैले बाँडेर खान्छन् । यसरी कालिकाको पूजा गरिनाले शत्रुनाशक हुने दुःख कष्ट हटेर जाने विवेक बढेर जाने र आयु लम्बिने कुरामा विश्वास राखेर उक्त जातिहरू यो पर्व मनाउँछन् । उपर्युक्त चाडपर्वको अतिरीक्त दलित जातिहरूले फागुपूर्णिमा, शिवरात्री, साउने सङक्रान्ति आदि जस्ता अन्य हिन्दु समुदायले मनाउने चाडहरू पनि मनाउँदछन् । यसरी विभिन्न चाडपर्वमा इष्टमित्र र सम्पूर्ण परिवारका सदस्यहरू एकै ठाउँमा भेला भइ मिठो मसिनो खाना खाइ हर्षोल्लासका साथै सुखदुःख साटासाट गरी मनाउने गर्दछन् ।

### पूजाआजा

देवी देवता पूजनिय व्यक्ति वा आत्मालाई खुशी र सन्तुष्ट पार्न गरिने स्वागत सत्कारलाई पूजाका रुपमा लिने गरेको पाइन्छ । पाप पूण्य, इश्वर, भूतप्रेत आदि कुरामा विश्वास गर्ने दलित जातिहरू असंख्य देवीदेवताहरूको पूजाआराधना गर्ने गर्दछन् । यिनीहरूले रुखको फेद, खोलाको तिर, पानीको मुहान हरूमा देवी देवताको प्रतिमूर्ती स्थापना गरी अनेकौँ देवीदेवताको पूजा गर्ने गर्दछन् । यस क्षेत्रका दलित जातिमा प्रचलित मुख्य पूजाआजाहरू कूल पूजा, नाग पूजा, भयर पूजा, झाँक्री पूजा आदि हुन् ।

## ५.५ दलित महिलाहरू बिचको अन्तरसम्बन्ध

दलित समुदायका महिलाहरुलाई ग्रैहदलितमहिला जातिहरूले गर्ने भेदभाव, छुवाछुत जस्ता अमानवीय एवं घिणित व्यवहार समाजमा व्याप्त रहको र उक्त कार्यबाट दैनिक जिवनमा प्रत्यक्ष प्रभाव परेको देखिन्छ भने समान दर्द, दुख, पिडा व्यथा भएका दलित महिला जाति

एवं समुदायभित्र यस्ता विकृति र घिणीत परिपाटीले समाजलाई अझ कहाली लाग्दो अवस्था सिर्जना गरेको पाइन्छ । दलितहरू एक जातिले अका जाति बीच गर्न भेदभाव,छुवाछुत आदिले यी समुदाय बीच ठुलो विखण्डन ल्याउको छ । दलित जाति भित्रै पनि एक जातिले अर्को जातिलाई आफु ठुलो जातिको भन्दै रवाफ एवं हैकम जमाउन खोजेको पाइन्छ । एक दलित जातिले अर्को दलित महिलाहरूको व्यक्तिसँग हार्दिकताका साथ खानपान तथा बैवाहिक सम्बन्ध जोडेको देखिदैन । प्रेम विवाह भैहाले पनि त्यस्तो विवाहलाई उक्त समाजले सहजै स्वीकार गर्ने अवस्था अझै पनि देख्न सकिदैन । यसले गर्दा यी जातिहरूप्रति नेपाली समाजको यस्तो प्रकारको नकरात्मक प्रवृतिको विस्तार गर्नमा स्वयं दलित जातिहरूले नै मलजल गरको देखिन्छ । खानपानको काममा पनि एक दलितको घर अर्को दलित जातिले घरभित्र पस्न मनाही गर्ने तथा दलित भित्रै पनि आफू ठूलो भन्ने आपसी मतभेद रही भेदभाव र छुवाछुत गर्ने गरेको देखिन्छ । दलित दलित कै बिचमा छिमेकीको हैसियत जातीय तथा वर्गीय चेतनाको अभाव, आपसी मेलमिलापको कमि, उचनिचको कुण्ठित भावले गर्दा उत्पीडित वर्गलाई समयले नै दलित बनाउँदै लगेको छ । आफू आफू विचमा आफू ठुलो भन्ने कमजोर मानसिकताबाट गुज्रीरहेका छन् । यसले गर्दा उनीहरूलाई सम्मानपूर्वक समाजमा स्थापना हुन ठूलो बाधा पुर्‍याएको छ (थापा वि.सं, २०३८) । समाजमा सामाजिक संस्कारका ठूलाबडाहरूले भेदभाव विरुद्ध सञ्चालित विविध कार्यक्रमहरूलाई कमजोर पार्न दलितहरू विचको अर्न्तसम्बन्धलाई उपयोग गरेको देखिन्छ । यसका लागि पहिला दलित दलित विचमा रहेको भेदभाव, छुवाछुतको अन्त्य हुनु जरुरी छ । विगत केही समय यता आएर यो क्रम पनि क्रमश घटेदै गइरहेको आभाष हुन्छ । जसको कारण यदाकदा विविध कार्यक्रममा सहकार्य, सहअस्तित्व, सहभोज जस्ता क्रियाकलाप गरेको पनि देख्न सकिन्छ ।

# अध्याय छ

# दलित महिलाहरुको आर्थिक अवस्था

## ६.१ दलित महिलाहरूको आर्थिक अवस्था

आधारभूत एवं प्राथमिक समस्याले मानिसको जीवनमा प्रभाव पारिरहेको हुन्छ । मानिसका आधारभूत र आवश्यकीय वस्तु पुरा गर्ने साधन नै अर्थ हो । जसको अभावमा जीवनमा सामान्य कुराहरू देखि लिएर आवश्यकीय हरेक कुरामा अर्थकै आवश्यकता पर्दछ । जस्तै गास, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजगार एवं अनेकौं समस्या समाधान गर्न अर्थ नै आवश्यक पर्दछ । सामाजिक, साँस्कृतिक, शैक्षिक, औद्योगिक र वैज्ञानिक जस्ता विभिन्न क्षेत्रमा आर्थिक क्रियाकलापले प्रभाव पार्दछ । आर्थिक रुपले सम्पन्न भएको व्यक्तिले नै अन्य क्षेत्रमा समेत उन्नति गर्न सक्दछ । हरेक समुदायको आर्थिक अवस्थालाई हावापानी, भौगोलिक वनावट, भू-भौतिक वातावरण, सामाजिक, साँस्कृतिक तथा राजनैतिक पक्ष एवं सरकारी नीतिले प्रभाव पार्दछ (खत्री २०५५, वि.सं.) आर्थिक कारणले मानिसले आफ्नो जन्म स्थल छोडेर देश विदेश भौतारिन बाध्य हुन्छ । सीमित ठाउँमा जीवन गुजारा गरिरहेको एउटै समूहको मानव समुदाय आर्थिक कारणले नै संसारका हरेक कुना काप्चामा चाहार्न पुग्दछ । फलस्वरुप हावापानी र भौतिक वातावरणको प्रभावले अर्को जाति र वंशमा परिणत भएको कुरा मावन इतिहासले पुष्टि गरिसकेको छ । यसरी हेर्दा मावन सभ्यतालाई पनि बढी आर्थिक प्रभावले जकड्याएको छ कि ऊ त्यसबाट उम्कन सक्दैन, बरु आर्थिक जरीवनलाई सुधार गर्न विविध पेशा, व्यवसाय सञ्चालन गर्दछ  (खत्री, २०५५) । प्राचिन समयमा विश्व आजको जस्तो सुविधायुक्त थिएन । जसको परिणामस्वरुप एक ठाउँको सीप वा उत्पादन सीमित ठाउँमा मात्र उपभोग हुन्थ्यो । फलत : आफना आवश्यकताहरू एउटै समाज वा समूहवाट परिपूर्ती गर्नुपर्ने बाध्यता थियो । समयक्रमसँगै विश्व व्यापारिकरणका माध्यमबाट हरेक क्षेत्रका वस्तु तथा सेवा उपभोग गर्न सक्षम पाइन्छ ।

आर्थिक दृष्टिकोणले अध्ययन गर्दा नेपाल एक विकासोन्मुख देश हो । ठूला व्यापारी, ठूला उद्योगपति छोडेर यहाँका अधिकांश जनता गरीब छन् (विश्व बैङ्कको प्रतिवेदन, १९९०) ।

स्रोत र साधनको उपलब्धता हुँदाहुँदै पनि उचित परिचालन र उपयोग गर्न सकिएको छैन । परम्परागत समाज र प्रणालीलाई विर्सन नसकिएको इहलोक भन्दा परलोकलाई बढी विश्वास गर्ने भाग्यबादी संस्कारमा विश्वास गरी प्रतिस्पर्धात्मक प्रणालीमा प्रवेश गर्न नसकिएको विज्ञान र प्रविधिको ज्ञान नभई संस्कारगत प्रणालीमा नै विश्वासरत रहेको यहाँको प्रणालीले गर्दा आर्थिक स्तर माथि उठ्न नसकेको बोध हुन्छ । परम्परागत कृषि प्रणालीमा आधारित रहनुपरेको, रोजगारका अवसरहरू नखुलेको, राज्य तल्लो वर्गप्रति उत्तरदायी नभएको, सरकार जनउत्तरदायी हुन नसकेको, शान्ति र सौहार्द वातावरणमा कमी आदी कारणले नेपाली समाज र यहाँका मानिसहरू आर्थिक, सामाजिक, शैक्षिक जस्ता विविध पक्षहरूमा कमजोर बन्नु परेको देखिन्छ । सामाजिक प्रणालीमा देखिएको विकृतिजन्य भेदभाव, विधान, नियम, कानून एवं बैचारिक माध्यमबाट तल्लो स्तरमा रहन बाध्य हुनुपरेको, राज्यबाट प्राप्त हुने स्रोतमा पहुँच पुग्न नसक्ने, प्रतिस्पर्धामा जानसक्ने अवस्था नरहेको तथा बहुसंख्यक मानिसद्धारा दबिनु, हेपिनु परेका दलितहरूको आर्थिक अवस्था कमजोर रहेको पाइन्छ । अल्पकालिन समाजमा मानिसहरू आ-आफ्नो विशेषीकृत पेशा वा सीपमा लागेर जीवन निर्वाह गर्दथे । यो एक प्रकारले सीपमा श्रमविभाजन जस्तै व्यवस्था थियो । भावी पुस्ताले आफ्नो पुर्खाको पेशालाई पछ्याउँदा आज नेपाली समाजमा पनि अनेकौं सीप कला पुर्खाकै पालामा हुनु स्वभाविक हो । ती मध्ये समाजमा तल्लो स्तरको काम गर्ने विशेष गरि दलितहरूको नै बाहुल्य रहेको पाइन्छ । समयक्रम सँगै हाल मानिसहरू आफ्नो पुरानो पेशाको साथसाथै अन्य नयाँ पेशामा समेत आबद्ध भएको पाइन्छ ।

## ६.२ दलित महिलाहरूको पेशा

परम्परागत रुपमा छाला, फलाम, सिलाइको कामसँग सम्बन्धित जाति भनिएको पनि यस क्षेत्रका दलित समुदायहरूमा त्यसको अवेशषसम्म पनि देख्न पाइदैन । यसको मुख्य कारण आधुनिक शैली तथा सीपको अभाव तथा सामाजिक रुपमा आत्मसम्मान गर्न नसक्ने कुरा बताउँछन् । यस क्षेत्रका दलित महिलाहरू अधिकांश कृषि मजदूरका रुपमा काम गरेर आफ्ना दिन बिताउन बाध्य रहेका छन्  त्यो पनि मौसमी रोजगारीका रुपमा रहेको देखिन्छ । त्यस्तै यस क्षेत्रका कतिपय महिलाहरू मजदूरका रुपमा सिलाई कार्यरत रहेको छन् भने केही व्यक्तिहरू आधुनिकरणसँगै विविधता परिवेशका कारण आफ्नो गाउँ छाडेर स्वदेश

तथा विदेशमा मजदूरका रुपमा गई आयआर्जन गरी आफ्नो पारिवारिक रुपमा रहेको आर्थिक बोझ कम गर्दै जीवनयापन गरेको देखिन्छ ।

**तालिका ६.१ उत्तरदाताको पेशागत विवरण**

| पेशा | संख्या | प्रतिशत |
|---|---|---|
| कृषि | 73 | 52.51 |
| ज्यालामजदुरी | 60 | 43.16 |
| फलामको काम गर्ने | 1 | 0.71 |
| सिलाई गर्ने | 3 | 2.15 |
| जुता सिलाउने | - | - |
| निजामति | 1 | 0.71 |
| सेनाप्रहरी | 1 | 0.71 |
| **जम्मा** | 139 | 100 |

*स्रोत : स्थलगत सार्वेक्षण, २०७५ ।*

माथिको तालिकालाई विश्लेषण गर्दा पाखापानी पर्वतमा बसोबास गरेका दलित जातिका महिलाहरूको पेशागत विवरणलाई हेर्दा कृषि पेशा गर्ने ७३ जना अर्थात् ५२.५१ प्रतिशत, ज्यालामजदुरी ६० जना अर्थात् ४३.१६ प्रतिशत, फलामको काम गर्ने १ जना ०.७१ प्रतिशत, सिलाई गर्ने ३ जना अर्थात् २.१५ प्रतिशत, निजामति १ जना ०.७१ प्रतिशत रहेको पाइन्छ । महिलाहरूको पेसागत अवस्थालाई हेर्दा परम्परागत पेशामा क्रमिक रुपमा रुची कम हुँदै गएको र कृषि र ज्यालामजदुरीमा नै सीमित भएकोले बाहिरी नयाँ उद्योगधान्दा व्यापारबाट यहाँका महिलाहरू टाढा रहेको पाइयो ।

## ६.३. पशुपालन

प्राय : हरेक जातिका लागि आदिम पेशाको रुपमा पशुपालन सञ्चालन गर्दै आएको पाइन्छ । कृषिका अंगका रुपमा रहँदै आएको र किसानहरू पशुपालनलाई कृषिको महत्वपर्ण पक्ष मान्दै आएका छन् । ठूला किसानहरू जे जसरी यो पेशा सफल रुपमा सञ्चालन भएको छ साना तथा पिछडिएका किसानहरूमा यो पेशा फस्टाउन सकेको छैन । यो पेशा कृषिसँग अन्तरसम्बन्धित भएर आउने गर्दछ । जग्गा कमाउनको निम्ति मलजल गर्न पशुपालन गर्ने

अवधारणा नै यहाँका दलित जातिहरूमा रहेको पाइन्छ । व्यवसायिक रुपमा पशुपालन गर्ने अवधारणको विकास भएको पाइदैन । पशुपालन केबल गुजारामुखी शैलीबाट अवलम्बन गरेको पाइन्छ । यस क्षेत्रका दलित जातिले अन्य जातिहरूले जस्तै पशुपालन गर्ने गरेको पाइन्छ । व्यवसायिक रुपमा नभई घरमा बस्ने महिला तथा केटाकेटीहरूले केही काम पाउँछन् र मल हुन्छ भनेर पालेको पाइन्छ । दलित महिलाहरूकोअन्य जातिको तुलनामा जग्गा जमिन कमी रहको छ भने उब्जाउका दृष्टिकोणबाट पनि कमसल एवं कम उत्पादकत्व क्षमता भएकाले घाँस उत्पादन पनि कमी नै रहेको दखिन्छ । जसको असर पशुपालनमा पनि देखिन्छ । आफ्नो खेतबारीमा डालेघाँस लगाउने, भैंसी, बाखाको संख्या बढाउने गरको देखिन्छ भने गाई गोरुको संख्या नगण्य रहेको छ । त्यस्तै गरी धेरैजसो घरमा कुखुरा पालेको देखिन्छ । पशुपालनको स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ६.२ दलित महिलाहरूको पहुँचमा रहेको पशुपालनको स्थिति**

| पशुपालन विवरण | आफ्नै पहुँचमा रहेका पशुहरू र | |
|---|---|---|
| | परिवार संख्या | पशुपंक्षि |
| भैसी, गोरु | ५६ | ७० |
| भैसी मात्र | ३४ | ३० |
| बाखा, कुखुरा | ३० | ९० |
| कुखुरा मात्र | १९ | ७५ |
| जम्मा | १३९ | २६५ |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७६ ।*

माथिको तालिका अध्ययन गर्दा कुल उत्तरदाता १३९ मध्ये आफ्नै पहुँचमा रहेर ५६ जना उत्तरदाताले ७० भैंसी गोरु पालेर आफ्नै निर्णयमा बेच बिखन गरेको पाइयो । त्यस्तैगरी भैसी मात्र पाल्ने ३४ जना, बाखा कुखुरा पाल्ने ३० जना कुखुरा मात्र पाल्ने १९ जना क्रमश ३० भैसी, ९० बाखा कुखुरा, ७५ कुखुरा मात्र) पाल्ने रहेको पाइयो ।

## ६.४ खाद्यान्न उत्पादनको स्थिति

हरेक जाति वा समुदाय कुनै न कुनै पेशा, व्यवसायमा संलग्न हुनु रहर वा बाध्यता हो । जुन पेशा अवलम्बन गरे पनि खाद्यान्न आधारभूत तत्व हो यस ठाउँका दलित समुदायहरूको आर्थिक अवस्था नाजुक रहेको देखिन्छ । जसको प्रभाव सामाजिक, साँस्कृतिक, राजनैतिक, शैक्षिक जस्ता पक्षमा प्रत्यक्ष परेको देखिन्छ । खाद्यान्न उत्पादनको स्थितिलाई हेर्दा पनि कमजोर नै देखिन्छ जब कि उक्त जातिका अधिकांश घरपरिवारमा खेतीपाती गर्नका लागि जग्गा जमिनकै अभाव रहेको केही घर परिवारमा जग्गा जमिन केही भए पनि परिवारलाई खान पुग्ने जति (आवश्यक जमिन नभएको अवस्था भेटिन्छ । खाद्यान्न उत्पादनमा पनि अधिक मात्रामा ज्याला मजदुरी भएको हुनाले यसप्रकारको अस्थायी कामबाट जिविका सञ्चालन गर्नुपर्ने बाध्यता रहेको देखिन्छ । कृषि उत्पादनबाट उनीहरूले कति महिना खान पुऱ्याउँछन् भन्ने कुरा तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ६.३ दलित जातिहरूको खाद्यान्न पहुँचको स्थिति**

| खाद्यान्न पुग्ने महिना | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| १ महिनासम्म पनि नपुग्ने | ३० | 21.58 |
| १ देखि ३ महिनासम्म पुग्ने | ४० | 28.77 |
| ६ महिनासम्म पुग्ने | ४० | 28.77 |
| ९ महिनासम्म पुग्ने | २० | 14.38 |
| बाहै महिना पुग्ने | ९ | 6.47 |
| **जम्मा** | **१३९** | 100 |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७६ ।*

माथि उल्लेखित तथ्याङक अनुसार १ महिना सम्म पनि नपुग्ने परिवार ३० जना २१.५८ प्रतिशत, १ देखि ३ महिनासम्म पुग्ने परिवार ४० जना अर्थात् २८.७७ प्रतिशत, ६ महिना सम्म पुग्ने परिवार ४० जना अर्थात् २८.७७ प्रतिशत, नौ महिना सम्म पुग्ने परिवार २० जना अर्थात् १४.३८ प्रतिशत र बाह्रै महिना खान पुग्ने परिवार ९ जना अर्थात् ६.४७ प्रतिशत रहेको छ । उक्त तालिका अध्ययन गर्दा दलित जातिमा वर्षभर खान खाने अन्न पनि उत्पादन हुन नसकेको देखिन्छ । यसको प्रमुख कारण पर्याप्त खेती गर्ने जग्गा नहुनु

तथा जग्गाको उत्पादकत्व कमि हुनु हो । यसका साथै खानपानको लागि दलित जाति अझैपनि आत्मनिर्भर रहने नसकेको तथ्य पुष्टि हुन्छ ।

## ६.५ खर्चको स्थिति

मानिसले आफ्नो जीवन निर्वाहका लागि आम्दानीको साथसाथै खर्च पनि गरेको हुन्छ । आर्थिक अवस्थाको सूचकका रुपमा आम्दानी मात्र नभई खर्च पनि हो । प्राय मानिसहरूमा आम्दानी र खर्चको तालमेल गर्ने चलन छैन । जस्तो आम्दानी त्यस्तै भोजन भन्ने चरितार्थ देखिन्छ । कमाइ राम्रो हुँदा मिठो मसिनो खाने, कमाई नहुँदा भोकभोकै हिड्ने परिपाटी प्राय निम्न वर्गका मानिसमा रहेको पाइन्छ । जसको कारण बचत कम हुन्छ । घर परिवार तथा छिमेकमा कुनै पनि आकस्मिक खर्च गर्नुपरेमा चर्को ब्याजदरमा ऋण लिनुपर्ने छ भने कतिपय घरपरिवारमा खाना र लुगाफाटाको निमित्त पनि ऋण लिनुपर्ने छ । कतिपयदलित मजदुरहरूको आम्दानी राम्रै भएको देखिन्छ भने कतिपयले परिश्रम बमोजिमको ज्याला नपाएको पनि देखिन्छ । आम्दानीका स्रोतहरू भएतापनि खर्चमा मितव्यीता अपनाउन नसक्नाले आर्थिक भार बढेको देखिन्छ । न्यून उत्पादनले खर्चको मात्रा बढाएको देखिन्छ । मानिसका आधारभूत आवश्यकताहरू परिपूर्ती गर्नका लागि नै ठूलो धनरासी खर्च भएको देखिन्छ । परम्परागत मान्यतालाई निरन्तरता दिनुको साथै विकृतिजन्य कार्यले समेत खर्च बढाएको छ । जनचेतनाको कमिका कारण बैदेशिक रोजगारको लागि अनावश्यक रकम फसाएको तथा ठगिएको पाइन्छ । कृषि मजदुरको रुपमा काम गर्नु र जीवन गुजारा गर्नु नै यस क्षेत्रका दलित समुदायहरूको बाध्यता हो । तसर्थ दलित समुदायका महिलाको आर्थिक अवस्था अध्ययन गर्दा उनीहरूको जीवन कष्टकर नै देखिन्छ ।

## ६.६ आर्थिक पछौटेपनका कारणहरू

वर्तमान विश्व आर्थिक क्रान्तिको चरणमा पुगिरहेको छ । अर्थ विना मानिसले आफ्ना आधारभूत आवश्यकतासम्म पूरा गर्न सक्दैन । यस परिवेशमा नेपाली समाजमा उत्पीडित तथा दलित जातिहरूको अवस्था नाजुक रहेको पाइन्छ । दलित जाति पनि यस अवस्थाबाट टाढा रहन सकेको छैन । यस किसिमको अवस्था रहनुको मुख्य कारणहरूमा ऐतिहासिक, धार्मीक, शास्त्रीय, सामाजिक, शैक्षिक एवं अन्य आन्तरिक कारणहरू रहेका छन् ।

### तालिका ६.४ उत्तरदाताको आर्थिक पछौटेपनका कारणहरू

| **विवरण** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| धार्मिक कारण | 99 | |
| शैक्षिक कारण | 50 | |
| सामाजिक कारण | 78 | |
| सबै | 35 | |
| अन्य . .. | 65 | |
| **जम्मा** | *327 | |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७६ ।*
* बहुउत्तर आउन सक्ने प्रश्नावली ।

तालिका अनुसार कूल उत्तरदाता १३९ मध्ये धार्मिक कारण भन्नेमा ९९ जना, शैक्षिक कारण ५० जना सामाजिक कारण ७८ जना र सबै भन्नेमा ३५ जना अन्यमा ६५ जना रहेको पाइयो ।

### क. धार्मिक कारण

अध्ययन क्षेत्रका उत्तरदाता १३९ मध्ये ९९ जनाका अनुसारः प्राचिन समयदेखि नै नेपाली समाजमा जातीय भेदभाव तथा छुवाछुतको प्रथा कायम रहँदै आएको पाइन्छ । श्रम विभाजनका आधारमा विभाजन भएको जातिप्रथा कालान्तरमा सामाजिक कलंकको रुपमा जरो गाडेको पाइन्छ । आजको यो परिस्थिति रहनुमा नेपाली समाजमा संस्कार एवं संस्कृतिको रुपमा जरा गाडेको ऐतिहासिक, शास्त्रीय एवं धार्मिक गलत बिचार र प्रवृतिले काम गरेको छ । उत्पीडित जातिहरू शदिऔ अर्थात धेरै अघि बाट आर्थिक रुपमा दबिएर रहेका थिए । महिलालाई धन आर्जन गर्ने उत्पादनशिल जमिनको भोगचलन गर्ने कार्य बञ्चित छ । ब्राह्मण, क्षेत्रीको सेवाका निम्ति प्रयोग गरिन्थ्यो । मानसिक रुपबाट पनि तिनीहरूलाई त्रसित वातावरण सिर्जना गरियो । शारीरिक दण्डसमेत दिने भएकोले दलितको अवस्था दयनिय बन्दै गएको बताउँदछन् । त्यसै गरी नीतिनियम एवं धार्मिक पक्ष पनि आफ्नो (उच्च वर्ग) हकहित अनुकुल नभएको यहाँका महिला बताउँछ । यसले गर्दा उत्पीडित समुदायको मानसिकता कमजोर बन्दै गएको देखिन्छ ।

### ख. सामाजिक कारण

अध्ययन क्षेत्रका कुल उत्तरदाता १३९ जना मध्ये सामाजिक कारण ५० जना अनुसार परम्परागत रुपमा रही आएको सामन्ती तथा दास प्रवृतिको उपज जातीय भेदभाव एवं छुवाछुत प्रथा वर्तमान समयसम्म पनि हट्न सकेको छैन । जातीय भेदभाव तथा छुवाछुत प्रथाका कारण उत्पीपडत जातिहरू स्वतः स्फूर्त रुपमा कुनै क्रियाकलापमा संलग्न हुन सकेका छैनन्, यदि लागि पनि शारिरीक तथा मानसिक यातना खेप्नुपरेको अवस्था छ । समाजमा कुनै व्यापार व्यवसाय सञ्चालन गर्न नसक्ने र सञ्चालन गरिहालेपनि सूचारु हुन नसक्ने, आफ्नो सिप तथा क्षमता भएर पनि कुरीती, कुसंस्कारजन्य सामाजिक मूल्य मान्यताका हिंसा कारण महिलाजाति माथि उठ्न नसकेको देखिन्छ ।

### ग. शैक्षिक कारण

अध्ययन क्षेत्रका कुल उत्तरदाता १३९ जना मध्ये शैक्षिक कारण ९० जना नेपाली समाज अझ भन्ने हो भने पुरुष सत्ता तथा धर्म उत्पीडित महिलाहरूको विरुद्धमा निर्माण गरेको पाइन्छ । धार्मिक ग्रन्थहरू निर्माण गर्दा ब्राह्मण क्षेत्रीहरूले आफ्नो हित अनुकुल जाति व्यवस्थाको सूत्रपात गरि आफ्नो सेवाका लागि बैष्य तथा शुद्र भनि विभाजन गरेको भेटिन्छ । यसैको परिमाणस्वरुप विभिन्न ग्रन्थहरू निर्माण गरिए । जसमा बैष्य तथा शुद्रहरूलाई लेखपढ त के पढेको सुन्नबाट पनि बञ्चित गरेको पाइन्छ । शुद्रलाई अर्ती उपदेश, बुद्धि, ज्ञान तथा मन्त्र उच्चारण गर्न तथा लेखपढ गर्न दिनुहुन्न भन्ने कुरा मनुको उपदेश हो । यस्तो दमनपूर्ण व्यवहारबाट मुक्तिका लागि महिलाहरूले आ-आफ्नो हक अधिकारका आवाज उठाउन थाले । जसको परिमाणस्वरुप वि.सं २००७ सालमा प्रजातन्त्रको स्थापना पूर्व कठोर नियम रहेमा २००७ पछि केही खुकुलोपन सिर्जना भयो । त्यसै गरी नयाँ मुलुकी ऐन २०२० बनिसकेपछि मात्र दलित महिला जातिमा शैक्षिक चेतनाको स्तर उठेको पाइन्छ । त्यसभन्दा अगाडि शैक्षिक चेतना अवसर बृद्धि गर्ने अवसरबाट नै बञ्चित थियो । अझैपनि शैक्षिक स्तर अभिवृद्धि अपेक्षाकृत रुपमा हुन सकेको छैन, जसमा अन्य सामाजिक, साँस्कृतिक, आर्थिक, राजनैतिक कारणहरू पनि बाधक बनेका छन् । वर्तमान समयमा दलित महिलाहरूको केही शैक्षिक स्तर उठेको भएपनि व्यवहारीक रुपमा लागू गर्न अनेकौं कठिनाई परिरहेको बताउँदछन् । जवसम्म वर्गीय चिन्तन र दृष्टिकोण स्पष्ट रुपमा उजागर हुन सक्दैन तबसम्म यस प्रथाको अवशेष मेटिन कठिन हुन्छ । यस्तो परिवेशको अन्त्य नभई दलित समुदायको यो समस्याले समाधान प्रायः असम्भव देखिन्छ । यस्तै

नेपालमा भएको वि.सं २०४६ को राजनितिक परिवर्तन माओबादी ले सञ्चालन गरेको जनयुद्ध तथा वि.सं २०६२।६३ मा भएको जनआन्दोलनका कारण यिनीहरूमा केहि राजनितिक चेतना अभिबृद्धि भएको देखिन्छ भने राज्य पक्षले पनि दलित जातिका आवाजलाई केही हदसम्म सम्बोधन गरेको देखिन्छ । जसका माध्यमबाट सामाजिक, साँस्कृतिक तथा आर्थिक क्रियाकलपको क्षेत्रमा  अगाडी बढ्ने क्रममा दिनानुदिन सहजता आएको बताउँदछन् ।

### घ. आन्तरिक कारण

अध्ययन क्षेत्रका कुल उत्तरदाता १३९ जना मध्ये शैक्षिक कारण ६५ जना दलित महिलाहरू आर्थिक रुपले पछि पर्नमा उनीहरू स्वयं पनि जिम्मेबार रहेका छन् भन्न सकिन्छ । कतिपय सबालमा उनीहरू संयमी र विवेकीपूर्ण रुपले व्यवहार गर्दा पनि आर्थिक रुपमा सुधार हुन सक्छ । आपसी कलह, कामप्रति अनुत्तरदायी, सामाजिक लघुताभाष, फजुल खर्च, मद्यपान गर्ने प्रवृति, बोझिलो परिवार आदि कारणले गर्दा पनि गरिब बनिरहेका छन् । परम्परागत पेशाका रुपमा छालाको काम गर्ने पेशा अवलम्बन गरेको भएतापनि त्यो इतिहासमा मात्रै सिमित रहेको छ । विगतमा परम्परागत पेशा ,छाड्नुमा सामाजिक रुपमा हेय दृष्टि तथा आवश्यक ज्ञान र सिपको अभावको कारणले पनि हो भन्ने बुझिन्छ ।

परम्परागत कृषि पेशा र यसलाई आवश्यक पर्ने ज्ञान सिप क्षमताको अभावका कारण कृषिमा पनि उल्लेख्य विकास हुन नसकेको र कतिपयको जग्गा जमिन कम तथा कम उब्जाउ हुने खालको भएको कारण कृषि क्षेत्र फष्टाउन नसकेको बताउँदछन् । त्यस्तै शैक्षिक क्षेत्रलाई हेर्दा पछिल्लो समयमा मुलुकमा स्वतन्त्रता स्थापना भएतापनि सो अनुरुप शिक्षामा लगानी गर्न सक्ने घरपरिवारबाट शैक्षिक चेतना सम्बन्धी वातावरण सिर्जना हुन सकेको छैन भने सामान्य काम गर्न सक्ने भएपछि बालमजदुरका रुपमा लगाउनु वा लगाउन बाध्य हुनु यसका कारणका रुपमा रहेको छ । अहिले आएर सामान्य लेखपढ तर्फ सबैको ध्यान गएको छ भने उच्च शिक्षा सम्बन्धी सोचको पनि विकास भएको पाइन्छ । आफ्नो स्वामित्वमा रहेको खेतबारी अति न्यून मात्रामा भएकाले उनिहरूले पशुपालन पनि त्यति गरेको पाइदैन र पालेका पशुपंक्षि पनि कमजोर नै देखिन्छन् । उत्पादन तथा उत्पादनले थेग्ने खाद्यान्नलाई हेर्दा १ महिना सम्म पनि नपुग्ने परिवार २२ प्रतिशत, १ देखि ३ महिनासम्म नपुग्ने परिवार २९ प्रतिशत ६ महिनासम्म पुग्ने परिवार २९ प्रतिशत, नौ

महिनासम्म पुग्ने परिवार १४ प्रतिशत र बाह्रै महिना खान पुग्ने परिवार ६ प्रतिशत रहेको छ । पशुपालनको अवस्थालाई हेर्दा गाई भैसी ५० घरपरिवारले, गोरु ३० घरपरिवारले, बाख्रा ३० घरपरिवारले र कुखुरा १९ घरपरिवारले पालेको देखिन्छ भने १० घरपरिवार कुनै पशुपालन नगरेको देखिन्छ । पेशालाई अवलोकन गर्दा कृषि पेशामा ५०.३ प्रतिशत, डकर्मी ९.७ प्रतिशत रोजगारीको लागि स्वेदश र विदेशमा रहेका २०.२ प्रतिशत र १९.८ प्रतिशत श्रम गर्न नसक्ने बालबालिका र बृद्ध रहेका छन् ।

दलित महिलाहरूको विभिन्न संस्कारहरूलाई हेर्दा वर्तमान अवस्थामा पनि यिनीहरूको परम्परागत रुपमा नै रहेको बुझिन्छ । वर्तमान समयमा शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार जस्ता क्षेत्रमा प्रगति हुँदै गएको पनि यस जातिको स्थितिमा सन्तोषजनकरुपमा प्रगति हुन सकेको छैन । आधुनिकिकरणको प्रभाव र अन्य जातिको सम्पर्क र देखासिकीले आफ्नो परम्पराहरू, संस्कार, संस्कृति विस्तारै लोप हुँदै जान लागेको देखिन्छ । समग्रमा अझैपनि यस जातिका मानिसहरूको जीवनस्तर कष्टकर नै छ । यस जातिको उत्थान एवं विकास हुन नसकी दिनानुदिन कमजोर हुँदै गएको छ ।

आर्थिक अवस्थालाई हेर्दा पनि दलित महिलाहरूकोअवस्था कमजोर रहेको छ । आर्थिक अवस्थामा देखिएको कमजोरीको प्रभाव अन्य क्षेत्र जस्तै चेतना ,शिक्षा ,स्वास्थ्य जस्ता सामाजिक, साँस्कृतिक क्षेत्र र विद्यमान परिस्थितिमा आमूल सुधार नआएसम्म दलित महिलाहरूकोचौतर्फी विकास सम्भव देखिदैन ।

# अध्याय सात

# सारांश, निष्कर्ष

## ७.१ सारांश

नेपाल एसिया महादेशको सानो सुन्दर देश हो । नेपाल बहुजातीय, बहुभाषिक, बहुसाँस्कृतिक एवं भौगोलिक विविधता सम्पन्न भएको साथै प्राकृतिक सौन्दर्यको नमुनाका रुपमा रहेको देश हो । यसका साथै विभिन्न धर्म, संस्कृति, चालचलन, रहनसहन एवं परम्पराले यसको सौन्दर्यतालाई थप गरेका छन् । त्यस्तै विविध समुदायका जातजाति मध्ये दलित समुदाय पनि एक हो । दलित जातिहरू हिन्दु धर्मका आर्य बंशका मानिसहरू हुन् । परापूर्वकालदेखि नै दलित जातिहरू समाजको तल्लो तहमा रहँदै आएका छन् । समाज विकासको क्रममा आदिम साम्यबादको उत्तरार्धतिर र दास युगको पूर्बार्धदेखि सानो, ठूलो वर्णको उत्पत्ति भएतापनी लैङ्गिक जातीय विभेद दासयुगमा नै चरम उत्कर्षमा पुगेको देखिन्छ । जैविक प्रक्रियालाई छपक्कै छोपेर भौतिक तथ्यको यथार्थ भन्दा आध्यात्मीक पक्षपोषण गर्ने हाम्रो समाजमा दलित जातिहरू सामाजिक तथा आर्थिक रुपमा पछाडी पर्नुमा हिन्दु धर्म र यसकै धार्मिक ग्रन्थहरूको उपदेशलले पनि सहयोग गरेको छ ।

मानिस मानिस बिचमा उचनिच, जातिगत भेद उपभेद जातीय विभाजन श्रृङखलाबद्ध रुपमा रहेका छन् । जातीय व्यवस्थाभित्र नपर्ने जातजातिहरू पनि जातीय कुण्ठाबाट ग्रसित भएको तथा जातीय भेदभावको चपेटामा परेको पाइन्छ । नेपालको कूल जनसंख्याको करिव २१ प्रतिशत जनसंख्या जातीय भेदभावबाट ग्रसित जीवन विताउन बाध्य छन् भने कूल जनसंख्याको १३ प्रतिशत हिस्सा दलितले ओगटेको पाइन्छ । राष्ट्रिय तथा अर्न्तराष्ट्रिय नियम तथा कानुनद्धारा प्रत्याभूत गरिएका हक तथा अधिकार पाउनबाट समेत बञ्चित गरेको पाइन्छ । त्यसै गरि नेपालको अन्तरिम संविधान २०६३ तथा नेपालको संविधान २०७२ ले छुवाछुत विरुद्धको हकलाई मौलिक हकका रुपमा व्यवस्था गरेको छ । यसै कारण हाल भेदभाव तथा छुवाछुत प्रथा केही सुधारका लक्षण भने देखिन थालेको छ ।

सामाजिक मूल्य र मान्यता अनुरुप आफ्नो धर्म, संस्कृति, चालचलन, संस्कार, परम्परा, चाडपर्व, बैबाहिक मान्यता आदि सामाजिक प्रचलन, जन्म मृत्यु संस्कार आदिलाई महत्वपूर्ण संस्कारका रुपमा लिने गरेको पाइन्छ ।

यसले दलित जातिका महिलाहरूको जातिगत विशेषता र जीवनशैली प्रतिबिम्बित भएको पाइन्छ । त्यसैगरि देवी देवता ,स्वर्ग नर्क ,पापपुण्य र भाग्य जस्ता पक्षहरू हिन्दु धर्मका प्रमुख विशेषताहरू हुन् । यसमा दलित जातिका महिलाहरूको पनि  विशेष आस्था रहेको देखिन्छ । यहि धारणाले दलित जातिका महिलाहरूले विभिन्न चाडपर्वहरू मनाउने गर्दछन् ।

महाशिला गाउँपालिका वडा नं ४ पाखापानीका दलित जातिका महिलाहरूको सामाजिक, साँस्कृतिक तथा आर्थिक अवस्था बारेमा के कस्तो व्यवस्था छ तथा यस जातिका महिलाहरूको अन्य जातिका महिलाहरूसँगको सम्बन्ध कस्तो रहेको छ र कस्तो सामाजिक परिवर्तनहरू भएका छन् भन्ने विषयमा यो शोधपत्र केन्द्रित रहेको छ । यस जातिका महिलाहरूमा हिन्दु धर्म मान्ने जाति भन्दा धार्मिक तथा साँस्कृतिक पक्ष हेर्दा खासै भिन्नता पाईंदैन भने आर्थिक क्रियाकलाप र सामाजिक क्रियाकलापले पार्न सक्ने प्रभावका दृष्टिकोणबाट मात्र फरक देख्न सकिन्छ । यस समाजका महिलाहरूमा आधुनिक बिचारधारासँग त्यती परिचित भएको देखिदैन र पुरानै जीवनशैली, रुढीबादी मान्यता, संस्कार पनि देख्न सकिन्छ भने नयाँ पुस्ताका महिलाहरूमा आधुनिक विचारधारा रहेको पाइन्छ ।

राष्ट्रिय तथ अन्र्तराष्ट्रिय कानुनी रुपमा जे जस्तो व्यवस्था गरिएको भएतापनि सामाजिक चालनचलन, रितिरीवाज प्रायः खानपान र भेषभुषामा समान देखिएतापनि पेशा एवं आर्थिक पक्षमा भने केही फरकपन पाइन्छ । यी समुदायका महिलाहरूलाई धार्मिक एवं सामाजिक स्थानमा केही छिटपुट भेदभाव, छुवाछुत देखिएतापनी समयको परिवर्तनसँगै सामाजिक, साँस्कृतिक, आर्थिक, राजनैतिक, शैक्षिक चेतनाको विकासले गर्दा न्यून हुँदै गएको छ । दलित महिलाहरूको कृषि मुख्य पेशा भएतापनि पर्याप्त मात्रामा जग्गा जमिन छैन र जीवन निर्वाहमुखी र उपभोगमुखी उत्पादन गर्दै आइरहेका छन् । कृषि कार्यपनि मौसमी पेशा बनेको हुँदा यिनीहरू सधैं त्यही पेशामा संलग्न हुन नपाउने भएकोले जीवन कष्टकर बनेको छ । यिनीहरूको जग्गा जमिनलाई हेर्दा जमिनको गुणस्तर एवं उर्बरता कम देखिन्छ भने चौपाया पालनको हिसाबले पनि निर्वाहमुखी जीवन व्यतित भएको देखिन्छ । यो अवस्थालाई

हेर्दा महिलाहरू नगद उत्पादनमा भन्दा घरायसी मूल्य विहिन कार्यमा जीवन विताइरहेको देखिन्छ ।

दिनरात काम गरेरपनि दैनिक आवश्यकता पुरा गर्न यहाँका दलित महिलाहरूलाई निकै कठिन देखिन्छ र विवश भई ऋण काढ्न बाध्य हुन्छन् । ऋणका अलवा उनीहरूको दैनिक जीवनामाथि नै प्रश्न खडा भइरहेको पाइन्छ । यहाँका महिलाहरू जीवन निर्वाहका लागि पराश्रित हुनुपर्ने बाध्यता भई उनीहरूमा आत्मग्लानी तथा हिनताबोध उत्पन्न हुने बताउँछन् । गैह्र दलितबाट भेदभाव तथा छुवाछुत उनीहरूको अनुकूल बमोजिम गरेको बताउँछन् । कुनै बेला उनीहरूलाई आपत, विपत सहयोग आवश्यक परेको बेला घर निर्माण, मर्मत गर्न सबै ठाउँमा जान, दुध घिउ राख्ने भाँडा, वर्तन सफा गर्न रोकतोक लगाउँदैनन् र आफ्ना सहज वातावरणमा भेदभाव तथा विभेद गर्ने कुरा बताउँछन् । भेदभाव गर्नेमा बालक, बृद्ध, महिला, शिक्षक, कर्मचारी, राजनितिक कार्यकर्ता, समाजसेवी सवै पछाडी परेको पाइदैन भने दलितहरू आफैं विच गरिने भेदभाव आदिले यी समुदाय विच ठूलो विखण्डन ल्याएको पाइन्छ । दलितहरू एक महिला जातिले अर्का जाति बीच गर्न भेदभाव, छुवाछुत आदिले यि समुदाय बीच ठुलो विखण्डन ल्याउको छ । दलित जाति भित्रै पनि एक जातिले अर्को जातिलाई आफु ठुलो जातिको भन्दै रवाफ एवं हैकम जमाउन खोजेको पाइन्छ । एक दलित जातिले अर्को दलित महिलाहरूकासँग हार्दिकताकासाथ खानपान तथा बैवाहिक सम्बन्ध जोडेको देखिदैन । प्रेम विवाह भैहाले पनि त्यस्तो विवाहलाई उक्त समाजले सहजै स्वीकार गर्ने अवस्था अझै पनि देख्न सकिदैन । यस प्रथालाई अन्त्य गर्नका लागि सर्वप्रथम आफैभित्रको विकार फालेर आउन सक्नुपर्छ । अन्यथा आफैलाई घातकसिद्ध हुन सक्दछ । अतः दलित महिलाहरूको वर्तमान अवस्थाको दोषी हिन्दु धर्मको व्याख्या, दर्शन, परम्पराबादी सामाजिक संस्कार र दोषपूर्ण जातिगत साामाजिक संरचना एवं स्वयं दलित महिलाहरूको अज्ञानताका कारण भेदभाव तथा जातीय छुवाछुत प्रथा सामाजिक विकृतिले मौलाउने मौका पाएको कुरा स्पष्ट हुन्छ । आधुनिकिकरणको प्रभाव सँगसँगै सामाजिक साँस्कृतिक क्षेत्रमा देखिएको परिवर्तन एवं परम्परागत कृषि पेशाको बैकल्पिक रुपमा रहेको रोजगारीका क्षेत्रमा संलग्नतामा बृद्धि हुँदै गएका कारण यहाँका दलित महिलाहरूमा सामाजिक, साँस्कृतिक तथा आर्थिक स्थितिमा सुधार एवं अन्य जातीय सम्बन्ध बढ्दै गएको देखिन्छ ।

## ७.२ निष्कर्ष

दलित जातिका महिलाहरूको सामाजिक,आर्थिक ,साँस्कृतिक अबस्थाको अध्ययन गर्दा दलित जातिहरू ऐतिहासिक कालदेखिनै उत्पति भएको आर्य समुहमा पर्ने इण्डोआर्यन धर्मबाट पभावित भएको पाईन्छ । सामाजिक विकृति मध्ये महिला विभेद,जातीय भेदभाब, छुवाछुत प्रमुख बिकृति हो । यो विकृति हिन्दुबादी नेपाली समाजमा फैलाउदै दलिजातिका महिलाहरूमा प्रत्यक्ष असर पारेको छ । जसका कारण उनिहरू राजनैतिक, सामाजिक, आर्थिक, धार्मीक क्रियाकलापमा स्वत्रन्तता रुपमा सहभागि हुन सकेका छैनन् ।

नेपाली समाजमा कलङ्कको रुपमा रहेको महिला हिंसा, जातीय भेदभाव र छुवाछुत प्रथा सामाजिक तथा आर्थिक, साँस्कृतिक लगायतका विविध क्षेत्रमा शक्तिशाली अस्त्रका रुपमा रहेको छ । सुरुमा कामका आधारमा गरिएको बर्ग बिभाजन कालान्तरमा कठित उपल्लो जातिहरूले आफ्नो सेवा तथा सुरक्षको लागि प्रयोग गरेको पाइन्छ । त्यसकारण यस प्रथालाई संस्थागत गर्न धार्मिक नितिनियम प्रयोग गरि सामाजिक तथा आर्थिक क्षेत्रमा समेत कम्जोर तुल्याएको पाईन्छ । जसको परिणमस्वरुप यस किसिमका महिला उत्पीडित हुन पुग र आफनो कमजोर आर्थिक, सामाजिक, साँस्कृतिक पक्षका कारण पुरुष बर्गको अधिनस्त  हुन बाध्य भई आफनो जविन निर्बाहको विकल्पका रुपमा घरपरिवारको सेवा तथा श्रमिकको रुपमा रहनु पर्ने अबस्था देखिन्छ । दलिजातिका महिलाहरू यसको आधरमा कठिन सामाजिक मान्यताको आधारमा न्यून आर्थिक आयका आधारमा घरायसि पेसा अगाल्नु परेकाले यस किसिमको पेसाबाट आफ्नो जीबन सुधार गर्न देखिन्छ । यस किसिमको परिस्थितिको दोष पितृसत्तात्मक संकारका कारण सिर्जना भएको कुरा पनि स्पण्ट हुन्छ ।यस किसिमका क्रियाकलपमा सुधार हुनु जरुरी छ । दलित महिलाहरूको उत्पीडन दमनको मुख्य कारणनै हिन्दुवादी संस्कारको पितृसत्तात्मक शोच हो । वास्तबमा दलित महिलाहरू शोषित, पिडित होइनन्, यो त सामान्तबादी संस्कारको उपज तथा तिरस्कारको परिणाम एवं पुरुष वर्गले आफनो हित अनुकुल निर्माण गरको विकृतिजन्य प्रवृति भन्ने बुझिन्छ । दलित जातिका महिलाहरूबिच रहेको विभेदीकरण जिम्मेबार स्वयं महिलाहरू नै रहेको देखिन्छ । यसले महिलाहरूविचको विभेदलाई मलजल गरेको छ । जबकी एक दलित महिलाले अर्को दलित महिलासँग समान किसिमको व्यवहार, लेनदेन गर्ने गर्दैनन् । आफू आफू ठूलो भन्ने मतभेद पूर्णरुपमा व्यवहारमा देखाइन्छ । यसका साथै उनीहरू भित्रै पनि

छोइछिटो हाल्ने प्रवृतिले महिला एवं जातीय भेदभाव तथा छुवाछुत प्रथाले निरन्तरता पाएको देखिन्छ ।

नेपाली समुदायमा स्वयं महिलाहरू नै सामाजिक र राजनैतिक रुपमा अगाडी नबढेसम्म उनीहरूको स्तर माथि उठ्न सक्दैन । सर्वप्रथम आफूभित्रको विकृति, विसंगतीजन्य सोच त्याग्न सक्नुपर्दछ । यसरी दलित जातिका महिलाहरूको विकासका लागि स्वयं सामाजिक रुपमा रहेको विकृति र विसङ्गतीहरूको अन्त्य हुनु आवश्यक छ । सामाजिक रुपमा चेतनाको बृद्धि हुन नसकेसम्म आर्थिक पक्ष सबल बन्न सक्दैन । सामाजिक, साँस्कृतिक पक्षको सुधार भएपछिमात्र राज्यका हरेक क्षेत्रमा आमूल परिवर्तन सम्भव हुन सक्छ । यस जातिको मात्र नभएर समग्र देश विकासको लागि सामाजिक, साँस्कृतिक र आर्थिक रुपमा देखिएका समस्या समाधान नै प्रमुख विषयवस्तु हो । त्यस समस्याको पहिचान गरी समस्या समाधानतर्फ लाग्नु आजको अपरिहार्यता हो ।

## सर्न्दभग्रन्थसूची


अधिकारी, ढाकाराम (२०६६), *दलित र गरिबी बीच सम्बन्ध,* काठमाडौः एकता बुक्स ।

आचार्य, बलराम (२०६०), *नेपाली समाज र सस्कृतिको बिकास,* काठमाडौः एकता बुक्स प्रा.लि.।

ओकाली ऐन (१९८५), *सेक्स, जेण्डर एण्ड सोसाईटी, लण्डन, गोवर पब्लिसिङ कम्पनी,* इङ्गल्याण्ड

जर्वाटिमिन, मार्गरे (१९९३), *अ जेण्डर पर्सपेक्टिभ टू इरिगसन म्यानेजमेन्ट इन आई आई एम इ/आइ औ इ सैमिनार सिररिज अन इरिगेसन म्यानेजमेण्ट,* काठमाडौ ।

ताम्राकार, टेक (२०६३),*नेपालमा दलित महिला,* काठमाडौः दलित महिला संघ केन्द्रीय कार्यालय ।

तामाङ, सीताराम (२०५०), *नेपालमा जनाजाति समस्या,* काठमाडौः कृण्ण प्रकाशन ।

तुङ्वाहाम्फे, शिवमाया (२०५९),*नेपालमा दलित महिला आन्दोलन,* काठमाडौ :अखिल नेपाल महिला संघ ।

दाहाल, डिल्लीराम (२०५६), *नेपाल केहि पिछडिएका जातिहरूको सामाजिक आर्थिक अध्ययन,* नेपाल एसियाली अनुसन्धान केन्द्र त्रिभुवन विस्वविद्यालय कीर्तिपुर काठमाण्डौ ।

नेपाल अधिराज्यको संबिधान (२०४७), नेपाल सरकार

नेपालको अन्तरीम संबिधान (२०६३), नेपाल सरकार

नेपालको संबिधान (२०७२), नेपाल सरकार

पाण्डे, भिमार्जुन (२०५९), *पर्वत दर्पण,* सम्पादनः जिल्ला विकास समिति, पर्वत चौमासिक विकास पत्रिका (वर्ष ३, अंक, २ पूर्णाङ्क, ७) ।

बराल, बासु (२०४४), *हिन्दु सामाजिक संगठनको प्रारूप,* काठमाडौंः साभ्ठा प्रकाशन ।

भासिन, कमला (२००३),*आखिर जेण्डर के हो त ? स्त्री शक्ति,* काठमाडौ : साभ्ठा प्रकाशन ।

भाषिन, कमला (२००३), *हामी दलित महिला अधिकारमा प्रतिवद्ध छौं,* ललितपुर : दलित महिला संघ केन्द्रिय कार्यालय ।

मुलुकी ऐन (२०२०), काठमाडौँ : कानुन किताव व्यवस्था समिति ।

राष्ट्रिय जनगणना (२०५८), *जनगणना पकेटिङ्ग वुक,* काठमाण्डौः केन्द्रीय तथ्याङ्क विभाग ।

विश्वकर्मा, हिरा (२०६४), *दलित महिलाका सवाल र तिनका समाधान,* ललितपुरः दलित महिला संघ केन्द्रीय कार्यालय ।

विश्वकर्मा, हिरा (२०६३), *दलित महिलाका सवाल र तिनका समाधान,* ललितपुरः दलित महिला संघ केन्द्रीय कार्यालय ।

विश्वकर्मा, टि.आर.(२०३०), *नेपाल जनविकास परिषद्को कार्यक्रम र नीति, राष्ट्रिय स्तरको कार्यकर्ता गोष्ठि,* जनकपुर प्रशिक्षण केन्द्र ।

विष्ट, डोर बहादुर (२०३०), *सबै जातको फूलबारी,* काठमाडौंःसाझा प्रकासन ।

विश्वकर्मा, पदमलाल, छविलाल (२०७२), *नेपालको संबिधान र उत्पीडित जातिको अबस्था,* उत्पीडित दलित जातीय मुक्ति समाज रग्रिन्सो नेपालद्वारा आयोजित गोष्ठी ।

Abbott Pamel and Claire Wallace, (1997): *An Introduction to Sociology feminist perspective.*(2nd edition) New York, Palgrave Publisher Ltd.

Bista, D.B. (1976). *People of Nepal,* Kathmandu: Ratna Pustak Bhandar.

Bista, D.B. (2055). *Sabbai Jaat Ko Fulbari.* 7th Ed. Kathmandu: Sajha Publication.

Bista, Dor Bahadur (1989). The structure of nepali society, CNAS D.D.C. Syangja Bhatkhola V.D.C.

Caplan, A.P. Priests and Cobblers (1972). *A Study of Social Change in a Hindu Village in Western Nepal*. London: Intertext.

Ritzer, George (1992), *Socaiological theory*, 3rd Edition, MC Graw-hill INC.

# अनुसूची एक

## अन्तवार्ता अनुसूची

“महाशिला गा.पा. ४, पाखापानीमा बसोबास गरेका दलित महिलाहरूको सामाजिक आर्थिक र शैक्षिक अवस्था, एक अध्ययन” *-शोधकर्ताको नाम: विनोद नेपाली*

प्र.नं १ उत्तरदाताको

क) नाम : ख) उमेर : ग) धर्म :

घ) लिंग : ङ)शिक्षा : च) पेशा

छ) पारिवारि विवरण :

| एकल परिवार | | संयुक्त परिवार | |
|---|---|---|---|
| महिला | पुरुष | महिला | पुरुष |
| | | | |

प्र.नं २ तपाइको जग्गा जमिन कति र कस्तो प्रकारको छ ?

| | | | |
|---|---|---|---|
| रोपनि | हल | खेत | वारी |
| टार | सिम | सिंचाइ | |

प्र.नं ३ तपाइको घर कस्तो छ ?

| | |
|---|---|
| पक्की | कच्ची |

प्र.नं ४ तपाइका आम्दानीका स्रोतहरू के के हुन् ?

| | | |
|---|---|---|
| बैदेशिक | राजगारी | अन्य |

प्र.नं ५ तपाइका मासिक आम्दानी कति हुन्छ ?

| | | |
|---|---|---|
| दश हजार भन्दा | दश हजार देखि | सो भन्दा माथि |

| | | |
|---|---|---|
| कम | वीस हजार सम्म | |

प्र.नं ६ तपाइका  मासिक खर्च कति हुन्छ ?

| | | |
|---|---|---|
| दश हजार भन्दा कम | दश हजार देखि वीस हजार सम्म | सो भन्दा माथि |
| | | |

प्र.नं ७ तपाइका  मासिक वचत कति हुन्छ ?

| | | |
|---|---|---|
| दश हजार भन्दा कम | दश हजार देखि वीस हजार सम्म | सो भन्दा माथि |

प्र.नं ८ तपाइका  के काम गर्न मन पराउनु हुन्छ ?

| | | |
|---|---|---|
| सिलाइ वुनाइ | ज्याला मजदुरी | कृषि व्यापार |

प्र.नं ९तपाइका  छोराछोरी कुन विद्यालयमा पढ्छन ?

| | |
|---|---|
| सरकारी | नीजि |

प्र.नं १० तपाइ कुनै संस्थामा आवद्ध हुनुहुन्छ ?

| | |
|---|---|
| छु | छैन |
| | |

प्र.नं ११ तपाइले कुनै सभामा भाग लिनु भएको छ ?

| | |
|---|---|
| छु | छैन |
| | |

प्र.नं १२ राजनितिक परिवर्तनले तपाइको परिवारमा केही परिवर्तन आएको छ ?

प्र.नं १३ तपाइ कुनै समुह वा संघमा कार्य गर्नु भएको छ ?

प्र.नं १४ तपाइ घरभित्रको काम गर्नुहुन्छ कि घर बाहिरको पनि ?

प्र.नं १५ तपाइलाई परिवारवाट सहयोग हुन्छ ?

प्र.नं १६ तपाइको परिवारमा विगतको चलन चल्ती र अहिलेको चलन चल्ची तथा संस्कारमा केही परिवर्तन पाउनु भएको छ ?

प्र.नं १७. तपाइको परिवार र समाजमा खानपान र भेषभूषामा केही परिर्वतन भएको महशुस गर्नु भएको छ ?

प्र.नं १८ तपाइलाई केही भन्नु छ की ?

प्र.नं.१९ तपाईका मुख्य चाडपर्वहरू के के हुन्?

प्र.नं.२० तपाईको उत्पादनले कति महिना खाना पुग्छ ।

(क) १ महिना पनि नपुग्ने (ख) १-३ महिना पुग्ने

(ग) ६ महिना पुग्ने (घ) ९ महिना पुग्ने

(ङ) बाह्रै महिना

प्र.नं. २१तपाईहरूको आफै स्वामित्वमा रहेका पशुहरू छन् ?

(क) छन् (ख) छैनन्

प्र.नं. २२ आर्थिक रुपमा पछ पर्नुको काट्न कुन कुन हुन्?

(क) धार्मिक (ख) शैक्षिक (ग) सामाजिक

(घ) अन्य

प्र.नं. २३ तपाई धर्ममा विश्वास गर्नुहुन्छ ?

प्र.नं. २४ तपाईलाई घरमा पुरुषहरूले हाम्रो व्यवहार गर्दछन् ?

प्र.नं. २५ तपाईको आम्दानीले खर्च गनृ पुग्छ ?

प्र.नं. २६शिक्षा नपाएको कारण तपाईको आम्दानी कमी भएको महशुस गर्नुभएको छ?

प्र.नं. २७ तपाई धार्मिक सामाजिक कार्यक्रममा कस्ता कपडा लगाउनु हुन्छ ?

प्र.नं. २८. तपाईको धार्मिक संस्कार कुन कुन परिकारका खाना खानुहुन्छ ?

प्र.नं. २९ तपाई कुन कुन चाडपर्व मनाउनु हुन्छ ?

सहयोगको लागि धन्यवाद ।